# अध्याय एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

प्रस्तुत शोधपत्र पाँचथर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययनमा केन्द्रित छ । पठनबोध क्षमता भाषा शिक्षणसँग सम्बन्धित विषय हो । बोध शब्दले कुनै कुरा सुनेर वा पढेर बुझ्ने कुरालाई जनाउँछ । बोध पनि पठनबोध र श्रुतिबोध गरी दुई प्रकारको हुन्छ । सामान्यतः सुनेका वा पढेका सामग्रीहरूको अर्थ बुझ्नु नै बोध हो । व्यापक अर्थमा भन्नुपर्दा कूनै मौखिक, लिखित, दृश्य वा अमूर्त सन्देशको अभिप्राय बुझ्नु बोध हो । सुनेर बुझ्ने प्रक्रियालाई श्रुतिबोध भनिन्छ । निरक्षरहरूको विचार ग्रहण गर्ने कार्य त्रुटिबाट मात्र हुन्छ भने साक्षरहरूको सुनाइ र पढाइ दुबैबाट विचार ग्रहण गर्दछन् । पाठकले लिपिबद्ध पाठ पढेर भाव वा विचार ग्रहण गर्ने कार्य सस्वरवाचन र मौनवाचनबाट गर्दछ । सस्वर वाचनको मूलभूत प्रयोजन पनि श्रोताले सुन्न र बुझ्न सक्ने गरी पढाइमा प्रवृत्त तुल्याउनु हो । लिपिबद्ध गरिएका विचार वा भावलाई पाठकले मनमनै पठनलाई मौन पठन वा मौन वाचन भनिन्छ । मौन वाचनको विशिष्ट प्रयोजन बोध नै हो । पठनबोधमा एकातिर लिपिबद्ध सामग्रीको ग्रहणमा आँखाले सक्रियता हुन्छ भने अर्कोतिर आँखाले देखेका कुरालाई दिमागमा रहेको दृष्टि केन्द्रले विश्लेषण र व्याख्या गरी अर्थ ग्रहण गर्दछ । यसरी आँखाले देखेका कुरालाई दिमागमा रहेको दृष्टि केन्द्रले विश्लेषण र व्याख्या गरी अर्थ ग्रहण गर्दछ । यसरी आँखाले देखेका कुराहरूलाई मस्तिष्कसँग सम्बन्धित गरिने काम हुने भएकोले पठनबोध ज्ञानसँग सम्बन्धित हुन्छ । पठनबोधसँग पढाइको गति र अर्थ ग्रहण गर्ने सीपको सम्बन्ध हुन्छ । बुझेको कुरालाई आफ्नो शब्दमा अरूलाई बुझाउन सक्नुपर्दछ । पढ्नु मात्र पढाइ होइन आँखा लिपिबद्ध सामग्रीमा लगाई सम्पूर्ण ध्यान त्यसैमा केन्द्रित गरी अर्थ ग्रहण गर्ने र आवश्यकताअनुसार अभिव्यक्ति गर्ने सक्ने सामर्थ्य विकसित गर्नु गराउनु पठनबोधको प्रयोजन हो । बुझ्न त बुझियो तर भन्न वा लेख्न सकिएन भने पढेर बुझेको अर्थ हुँदैन । त्यसैले लिपिबद्ध चिह्नद्वारा प्रस्तुत भएका विचारलाई ग्रहण गर्ने वा बुझ्ने प्रक्रियालाई पठनबोध भनिन्छ । विद्यार्थीहरूलाई भाषा शिक्षणका क्रममा पठनबोधको अभ्यास गराउनु पर्दछ । यसको अभ्यासबाट उनीहरूमा पठनबोध क्षमताको विकासमा सहयोग पुग्दछ । पठनबोध क्षमताको अध्ययन अनुसन्धान भएमा त्यसबाट प्राप्त निष्कर्षले पठनबोधका क्रममा

आइपर्ने समस्याको समाधानमा सहयोग पुग्दछ । यसै सन्दर्भमा पाँचथर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन विश्लेषण गरी यो शोधपत्र तयार पारिएको हा ।

## १.२ समस्याकथन

समस्याकथन भन्नाले अनुसन्धानका निम्ति छनोट गरिएको विषयवस्तुलाई समस्याका रूपमा प्रस्तुत गर्नु हो । ज्ञान आर्जनका लागि भाषाको आवश्यकता पर्दछ भने अरूले लिखित र मौखिक रूपमा व्यक्त गरेका कुराहरू ग्रहण गर्न पनि भाषा आवश्यक हुन्छ । विद्यार्थीहरूमा पठनबोध क्षमता हुनु अति आवश्यक हुन्छ । भाषा शिक्षणका क्रममा पठनबोध क्षमताको अध्ययन गर्नु पनि एक शोध्य विषय हो । हरेक शोध अध्ययनका आफ्नै समस्या रहेका हुन्छन् । प्रयुक्तअध्ययनको मूल समस्या भनेको पाँचथर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन नै हो । प्रस्तुत शोध अध्ययन सम्पन्न गर्नका लागि यसै मूल समस्यासँग सम्बन्धित निम्नलिखित शोधप्रश्नहरू रहेका छन् :

(क) पाँचथर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता के कस्तो छ ?

(ख) लैङ्गिकताका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमता कस्तो छ ?

(ग) विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमता के कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

कुनै पनि खोज अनुसन्धान गर्नुका कुनै न कुनै निश्चित उद्देश्य रहेको हुन्छ । उद्देश्य विना कुनै पनि कार्य सफल र पूर्ण हुन सक्दैन । उद्देश्यले नै अध्ययनलाई गन्तव्यमा पुऱ्याउने भएकाले उद्देश्यहरू सफल, स्पष्ट सङ्क्षिप्त र मापनीय हुनुपर्दछ । प्रस्तुत अध्ययनको मूल उद्देश्य भनेको पाँचथर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता पहिल्याउनु हो । यसै मूल उद्देश्यसँग सम्बन्धित अन्य उद्देश्यहरू यसप्रकार रहेका छन् :

(क) पाँचथर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन गर्नु,

(ख) लैङ्गिकताका आधारमा विद्यार्थीको पठनबोध क्षमता पहिल्याउनु,

(ग) विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमता पहिचान गर्नु ।

## १.४ अध्ययनको सान्दर्भिक र उपादेयता

हाम्रो देश नेपालमा बहुभाषिक मानिसहरू बसोबास गर्ने भएकाले नेपाली भाषालाई सबै मातृभाषी वक्ताहरूको साझा सम्पर्क भाषाको रूपमा प्रयोग गर्ने गरिन्छ । भाषिक अभिव्यक्तिका दुई रूप हुन्छन् : मौखिक र लिखित र मौखिक रूप अन्तर्गत पर्ने पढाइले पठनबोध क्षमताको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । विद्यार्थीहरूमा पठनबोध क्षमतासम्बन्धी कमजोरी रहेको खण्डमा उनीहरूको भाषिक सीप मात्र नभएर अन्य विषयको ज्ञान आर्जनमा पनि प्रभाव पार्दछ । यदि विद्यार्थीहरूको स्तर र उमेर अनुरूप पठनबोध क्षमताको विकास नभएको खण्डमा सम्बन्धित तहका लागि निर्माण गरिएका पाठ्यक्रमका उद्देश्यहरू पूरा हुँदैनन् । पठनबोध क्षमतासम्बन्धी यस किसिमको अध्ययनले सम्बन्धित कक्षाको पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षणसामग्री आदिको स्थिति, उद्देश्य के कति पूरा भए वा भएनन् उक्त क्षेत्रका कुन-कुन पाठहरूमा के कस्ता सुधार गर्नुपर्छ ? विद्यार्थीहरूको कक्षा वा तहअनुसार पठनबोध क्षमताको स्तर कस्तो ? पाठ्यपुस्तकमा समावेश गरिने विषयवस्तु कस्तो खालको हुनुपर्दछ ? अब आउँदा दिनहरूमा के कस्ता उद्देश्यका साथ अगाडि बढ्नुपर्छ भन्ने जस्ता कुराहरूको जानकारी प्राप्त हुन्छ । विभिन्न जिल्ला र कक्षाका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन भएका भए पनि पाँचथर जिल्लाका कक्षा आठमा अध्यनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन हालसम्म नभएकाले यसको सान्दर्भिकता रहेको पुष्टि हुन्छ । प्रस्तुत अध्ययनको उपादेयतालाई बुँदागत रूपमा निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ :

- शिक्षकलाई विद्यार्थीहरूको पठनबोध क्षमतालाई बुझेर उद्देश्य उन्मुख शिक्षण सिकाइ कार्यकलाप गरी शिक्षणलाई प्रभावकारी बनाउन सहयोग पुऱ्याउँछ ।
- पाठ्यक्रम निर्मातालाई पाठ्यक्रम परिष्कार तथा परिमार्जन गर्न सहयोग पुऱ्याउँछ ।
- शिक्षक र विद्यार्थीबिचको साहचर्य कायम गराउँछ ।
- पाठ्यपुस्तक लेखनकर्तालाई उद्देश्यमूलक एवम् प्रभावकारी विषयवस्तु चयन गर्न सहज बनाउँछ ।

- पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य के कति मात्रामा पूरा भए वा भएनन् भन्ने कुराहरूको जानकारी लिन सहयोग गर्छ ।
- शिक्षण विधि प्रभावकारी बनाई शिक्षण क्रियाकलापलाई प्रभावकारी र व्यवस्थित एवम् उद्देश्यपूर्ण बनाउन सहयोग गर्छ ।
- शैक्षिक क्षेत्रमा भएका कमी कमजोरीहरू पत्ता लगाई भावी कार्यदिशा पत्ता लगाउन निर्देश गर्छ ।

## १.५ अध्ययनको सीमाङ्कन

शोधकार्य आफैमा एक जटिल र चुनौतीपूर्ण कार्य हो । शोधार्थीले प्रस्तुत गरेको शोधशीर्षकले अध्ययनको क्षेत्रलाई स्पष्ट किटान गर्न शोध प्रस्तावमा के कति विषयको अध्ययन गर्ने र के कति विषयको अध्ययन नगर्ने भनी उल्लेख गर्नुपर्दछ । सीमा प्रस्ट भयो भने शोध राम्ररी अगाडि बढ्न सक्छ । क्षेत्र स्पष्ट भएन भने शोध सीमाभन्दा बाहिर गई उद्देश्यमा नपुगिने सम्भावना रहन्छ । त्यसैले यस शोधकार्यमा रहेका उद्देश्यहरू पूरा गर्न निम्नानुसार सीमाङ्कन गरिएको छ :

- प्रस्तुत शोधकार्य पाँचथर जिल्लाको मेक्लाजुङ गाउँपालिकाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययनमा मात्र सीमित रहेको छ ।
- प्रस्तुत अध्ययन पाँचथर जिल्लाका चारवटा सामुदायिक र चारवटा संस्थागत विद्यालयका गरी जम्मा ८० जना विद्यार्थीहरूमा सीमित रहेको छ ।
- उक्त विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको परीक्षणबाट प्राप्त तथ्याङ्कका आधारमा गरिएको विश्लेषणमा मात्र यो सीमित रहेको छ ।
- पाँचथर जिल्लाका मेक्लाजुङ्ग गाउँपालिकाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिकता र विद्यालयको प्रकृतिका आधारमा पठनबोध क्षमताको अध्ययनमा सीमित रहेको छ ।

- पाँचथर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमतालाई विद्यालय प्रकृतिका आधारमा तुलनात्मक रूपमा देखाई विश्लेषण गरिएको छ ।

## १.६ शोधपत्रको रूपरेखा

शोधपत्रको रूपरेखालाई निम्नानुसार उल्लेख गरिएको छ :

अध्याय एक : शोध परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र अवधारणात्मक ढाँचा

अध्याय तीन : अध्ययन विधि र प्रक्रिया

अध्याय चार : व्याख्या तथा विश्लेषण

अध्याय पाँच : दृष्टांश र अदृष्टांश पठनबोध क्षमताको तुलनात्मक अध्ययन

अध्याय छ : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसूची

परिशिष्ट

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र अवधारणात्मक ढाँचा

## २.१ पूर्वकार्यको समीक्षा

कुनै पनि अनुसन्धान गर्नुभन्दा पहिले विगतमा त्यससम्बन्धी भएका अध्ययनहरूको समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । विगतका अनुभवहरूले नै वर्तमान अगाडि बढ्ने प्रेरणा प्रदान गर्ने भएकाले जुनसुकै कार्य गर्नु अगावै त्यससम्बन्धी पूर्वकार्यको अध्ययन गर्नु आवश्यकीय पक्ष हो । यसले सही मार्गमा अगाडि बढाउन प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गरेको हुन्छ । पूर्वकार्यको पुनरावलोकन यसभन्दा अगाडि सम्बन्धित विषयमा के कति कार्यहरू भएका छन् ? के कस्ता पक्षसँग सम्बन्धित छन् आदि कुराको जानकारी प्राप्त गर्नका लागि महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

प्रस्तुत अध्ययन पाँचथर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययनसँग सम्बन्धित अनुसन्धानहरू हालसम्म नभएकाले उक्त शीर्षक शोधको लागि आफैमा महत्त्वपूर्ण रहेको छ । वास्तवमा पठनबोध बिना शिक्षण सिकाई सफल प्रभावकारी एवम् उद्देश्यमूलक हुन सक्दैन । फलस्वरूप भाषिक क्षमताअन्तर्गत विद्यार्थीहरूमा पठनबोध क्षमता विकासका लागि उपयुक्त पाठ्यपुस्तकको लेखन र पठन व्यवस्था मिलाउनु पर्ने हुन्छ । यो आवश्यकतालाई महसुस गरी सम्बन्धी तह र कक्षाका विद्यार्थीहरूको वास्तविक पठनबोधको स्थिति पहिल्याउनुपर्ने देखिन्छ । यो कार्य पाठ्यपुस्तक र पाठ्यसामग्री लेखन र पठनका तहदेखि नै गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ । जसलाई पुस्तक समीक्षा र शोध समीक्षाको माध्यमद्वारा चर्चा गर्न सकिन्छ :

### २.१.१ पुस्तक समीक्षा

नेपाली भाषा शिक्षण पठनबोध सम्बन्धित विभिन्न किसिमका पुस्तकहरू प्रकाशन कार्यहरू भइरहेको छन् । प्रस्तुत भाषिक अनुसन्धान पठनबोधसँग सम्बन्धित केही पुस्तकहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

अधिकारी (२०५३) द्वारा *भाषा शिक्षणका केही परिप्रेक्ष्य तथा पद्धति* पुस्तक प्रकाशित गरिएको छ । यसमा बोध शिक्षण शीर्षकअन्तर्गत पठनबोधको व्याख्या तथा विश्लेषण गरिएको पाइन्छ । यस पुस्तकमा बोध प्रयोजन, पठनबोध शिक्षणको आवश्यकता, पठनबोध

शिक्षण प्रक्रिया र पठनबोधको प्रस्तुतिक्रम जस्ता शीर्षकहरूमा विशेष व्याख्या तथा विश्लेषण गरिएको छ । यसका साथै पठनबोधसम्बन्धी आधारभूत कुरा दिई पठनबोध क्षमताको कमी भएको खण्डमा बोध क्षमता प्रभावकारी नहुने कुरा उल्लेख गरिएको छ । उक्त पूर्वकार्यसँग प्रस्तुत शोधकार्य सम्बन्धित रहेकाले यसको सैद्धान्तिक पक्षको अध्ययनका लागि महत्त्वपूर्ण आधार बनेको छ ।

ढकाल (२०६३) द्वारा *नेपाली भाषा शिक्षण : परिचय र प्रयोग* नामक पुस्तकमा भाषा शिक्षणका सन्दर्भमा पठनबोधका बारेमा उल्लेख गरिएको छ । यसअन्तर्गत पठनबोधको परिचय, पठनबोध शिक्षणको कार्यकलापहरू, पठनबोध शिक्षणको महत्त्व र आवश्यकता आदिका उल्लेख गरिएको छ । पठनबोधलाई भाषाका आधारभूत सिपसँग जोडेर ज्ञान आर्जनका लागि मुख्य तथा पहिलो सर्तका रूपमा औंल्याइएको पनि छ । यसमा पठनबोधका प्रकारहरू सामग्रीको छनोट, बोध प्रक्रिया र अभ्यास जस्ता पक्षको समेत उल्लेख गरिएको छ । पठनबोधका लागि कार्यकलापहरू सुझाउनुका साथै बोध शिक्षणका विधि र प्रक्रियाहरूको समेत जानकारी गराइएको छ । यस महत्त्वपूर्ण पूर्वकार्यले प्रस्तुत शोधकार्यअन्तर्गत पठनबोधको सैद्धान्तिक अवधारणा निर्माण गर्ने कुरामा सहयोग पुऱ्याएको छ ।

लम्साल (२०६६) द्वारा *नेपाली भाषा शिक्षण* पुस्तक प्रकाशित गरिएको छ । उक्त पुस्तकको अध्याय दशमा पठनबोध तथा यसको उपयोगअन्तर्गतका उपशीर्षकमा पठनबोधसम्बन्धी चर्चा गरिएको छ । यस पुस्तकमा पठनबोध शिक्षणका आफ्नै किसिमका पठनबोध कार्यकलाप, पठनबोध शिक्षणक्रम पठनबोधका लागि प्रश्नहरू प्रश्नहरू पठनबोध अभ्यासका लागि सामग्री छनोट र पठनबोध शिक्षणका तह तथा आवश्यकताका पनि उत्तिकै महत्त्वपूर्ण हुने कुरा उल्लेख गरिएको छ । यसका साथै पठनबोध क्षमताको अभावका कारण लिपिबद्ध अभिव्यक्तिलाई बुझ्न वा मन मस्तिष्कमा राख्न नसकिने कुरा उल्लेख गरिएको यस पूर्वकार्यले प्रस्तुत शोधकार्यको सैद्धान्तिक अध्ययनमा महत्त्वपूर्ण आधार प्रदान गरेको छ ।

शर्मा र पौडेल (२०६८) द्वारा *नेपाली भाषा शिक्षणका सन्दर्भहरू* पुस्तकमा पठनबोधसम्बन्धी चर्चा गरिएको छ । यसमा पठनबोध क्षमताको आवश्यकता तथा महत्त्व, पठनाबेधका कार्यकलाप, पठनबोधका शिक्षणक्रम र पठनबोधका लागि उपयुक्त सामग्रीहरू दिइएका छन् । यसमा पठनबोधको प्रयोजन लेख्य अभिव्यक्तिलाई पढेर बुझ्ने क्षमताको

विकास गर्नु र त्यसमा व्यक्ति विचार पक्रेर आफ्नो प्रतिक्रिया व्यक्त गर्ने क्षमताको विकासमा समेत सहयोग पुऱ्याउने कुरा उल्लेख गरिएको छ । यस पुस्तकमा पठनबोधसम्बन्धी सैद्धान्तिक आधारभूत कुराहरू दिइएकाले प्रस्तुत शोधकार्यका लागि यो पुस्तक मार्गदर्शन सामग्रीको रूपमा रहेको पाइन्छ । उक्त पूर्वकार्यको निष्कर्ष प्रस्तुत शोधकार्यसँग निकट रहेकाले यसबाट कक्षा आठमा अध्ययनरत विद्यार्थीको पठनबोध क्षमताको सामग्री निर्माण कार्यका निम्ति सहयोग लिइएको छ ।

लामिछाने (२०६९) द्वारा *नेपाली भाषा शिक्षण* नामक पुस्तक प्रकाशित भएको पाइन्छ । यस पुस्तकको अध्याय एघारमा पठनबोध र द्रुतपठन शिक्षण शीर्षकमा पठनबोध शिक्षणको विषयसूची समावेश गरिएका पाइन्छ । यसअन्तर्गत पठनबोधको परिचय, सस्वरपठनको आवश्यकता, सस्वर पढाइका कार्यकलाप, मौन पढाइका कार्यकलाप, कक्षा स्तरअनुरूप सस्वर र मौन पठनको उपयोग, पठनबोध शिक्षण क्रम र द्रुतपाठ शिक्षण जस्ता विषयहरू राखिएको पाइन्छ (२०६९: १२१-१२७) । यस पुस्तकमा पठनबोधसँग सम्बन्धित सस्वरपठन र मौनपठनको बारेमा स्पष्ट पारिएको हुनाले पठनबोध शिक्षणका लागि उल्लेख्य रहेको छ ।

पौडेल (२०७०) द्वारा *नेपाली भाषा शिक्षण* नामक पुस्तक प्रकाशन गरिएको पाइन्छ । यस पुस्तकमा पठनबोध शिक्षणका परिचय, पठनाबेध शिक्षणका प्रयोजनको बारेमा उल्लेख गरेको पाइन्छ । यस पुस्तकमा पठनबोध शीर्षकमा आधारित भएर मौनपठनको उपयोग, सामग्री छनोट, पठनबोध शिक्षणका कार्यकलापहरू र पठनबोध शिक्षण क्रमका साथै बोध प्रश्नका विशेषताको बारेमा विस्तृत चर्चा गरिएको पाइन्छ ।

शर्मा र पौडेल (२०७०) द्वारा *नेपाली भाषा साहित्य शिक्षण* नामक स्नातकोत्तर तह तेस्रो वर्षको पाठ्यपुस्तक प्रकाशित भएको छ । पठनबोध क्षमताको लागि लिखित र मौखिक वा मुद्रित सामग्रीका अभिव्यक्ति भएका छन् । पठनबोध शिक्षणका मूलभूत उद्देश्य भनेको भाषाका चार सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता पर्दछन् । पठनबोध, सस्वरपठन, मौनपठन, द्रतपठन जस्ता कुराहरू पठनबोधभित्र पर्दछन् । पठनबोधलाई सामान्यतया चार तहमा विभाजन गरेको पाइन्छ । अभिधात्मक तह, व्याख्यात्मक तह, समीक्षात्मक तह, सिर्जनात्मक तह रहेका छन् । पठनबोध क्षमतामा बोधगम्यता, श्रुतिबोध जस्ता कुरा पर्दछन् । सस्वरपठन भन्दा मौनपठन बढी उपयोगी हुन्छ । पठनबोध शिक्षणबाट पाठ्यसामग्रीमा

अभिव्यक्त विचार वा भाव बुझेर परिचित भइसकेपछि मौन पठनतर्फ अग्रसर गराउँदै लैजाने जस्ता सुझाव र निष्कर्ष निकालिएको छ ।

### २.१.२ शोधकार्यको समीक्षा

पन्थ (२०६०) द्वारा 'रसुवा जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोध अध्ययनमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता पहिल्याउने विद्यार्थीको लैङ्गिकता, प्रकृति, भाषिक पृष्ठभूमि र स्थानीयताका आधारमा विद्यार्थीहरू बिचको पठनबोध क्षमता पहिचान गर्ने तथा दृष्टांश र अदृष्टांश अनुच्छेदका बिच पठनबोध क्षमतासम्बन्धी कठिनाइ क्षेत्र पहिचान गरी तिनको निराकरणका लागि आवश्यक उपाय पहिल्याउने उद्देश्य राखिएको छ । पठनबोध क्षमताको प्रतिशत गणना गर्दा समग्र विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको, विद्यालय प्रकृतिका आधारमा सार्वजनिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको र भाषिक पृष्ठभूमिका आधारमा नेपाली दोस्रोभाषी विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको तथा छात्र र छात्राको पठनबोध क्षमतामा खासै अन्तर नभएको निष्कर्ष दिइएको छ । ग्रामीण क्षेत्रका छात्राहरूको आत्मबल बढाउने तरिकाले पढाइप्रति जागरुक गर्नुपर्ने जस्ता सुझाउहरूसमेत यसमा उल्लेख गरिएको छ । पठनबोध क्षमताकै अध्ययनमा केन्द्रित उक्त पूर्वकार्य प्रस्तुत शोध अध्ययनसँग सम्बन्धित भएकाले महत्त्वपूर्ण मानिएको छ । यस पूर्वकार्यबाट प्रस्तुत शोधका लागि सैद्धान्तिक पर्याधार निर्माण र सामग्रीको अध्ययन विश्लेषणको प्रायोगिक पक्षमा सहयोग प्राप्त भएको छ । यति हुँदाहुँदै पनि रसुवा क्षेत्रका विद्यार्थीहरूलाई जनसङ्ख्या मानेर गरिएको उक्त पूर्वकार्यभन्दा यो शोधकार्य पाँचथर जिल्लाका विद्यार्थीलाई जनसङ्ख्याको आधारमा मानेर गरिएकाले स्पष्ट रूपमा भिन्न भए पनि पठनबोध क्षमताको अध्ययनमा यसले सहयोग पुऱ्याएको छ ।

खड्का (२०६४) द्वारा 'माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन' शीर्षकमा अनुसन्धान गरेका छन् । यस अनुसन्धानमा मा.वि. तह ( ८,९,१०) मा अध्ययन गर्ने विद्यार्थीहरूका पठनबोध क्षमता पहिल्याउने, लैङ्गिक आधारमा, स्थानीयताका आधारमा र  भाषिक पृष्ठभूमिका आधारमा समेत पठनबोध क्षमता पहिचान गरी तुलना गर्ने उद्देश्य रहेको छ । यस अध्ययनमा कक्षा ८ र १० मा अध्ययन गर्ने उद्देश्य राखिएको पाइन्छ । यस अध्ययनमा ९र १० मा अध्ययन गर्ने विद्यार्थीहरूको तुलनामा कक्षा

दशमा अध्ययन गर्ने विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ । प्रस्तुत अध्ययनबाट शोधार्थीलाई सैद्धान्तिक आधार प्राप्त हुने देखिन्छ ।

ढकाल (२०६६) द्वारा 'कक्षा तीनका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त अध्ययनमा कक्षा तिनमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको पहिचान गर्नु, पाठ्यक्रमले अपेक्षा गरेअनुसार पढाइको प्रगति क्षमता पत्ता लगाउनु, नेपाली पहिलोभाषी र दोस्रोभाषी छात्र-छात्राहरूको पठन क्षमता पत्ता लगाउनु जस्ता उद्देश्यहरू राखिएको छ । उक्त अध्ययनमा क्षेत्रीय विधि र आवश्यकताअनुसार पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । उक्त अध्ययनमा खोटाङ जिल्लाका एक निजी र दुई सरकारी गरी जम्मा तीन विद्यालयबाट नमुना छनोट पद्धतिअनुसार ६० जना विद्यार्थीहरूलाई नमुनाको रूपमा लिइएको छ । त्यसैगरी पठनबोध क्षमता भाषिक क्षमता विकासको लागि अनिवार्य पक्ष भएको हुनाले कक्षा शिक्षणमा पठनबोधसम्बन्धी क्रियाकलाप समावेश गर्नुपर्ने, विद्यार्थीको बौद्धिकस्तर र रुचि क्षेत्रको पहिचान गर्नुपर्ने, कक्षा शिक्षणमा शिक्षक मात्र सक्रिय नभई विद्यार्थीहरूलाई बढीभन्दा बढी सक्रिय गराउनुपर्ने, तालिम अप्राप्त शिक्षकबाट शिक्षण गर्ने परिपाटीको अन्त्य गर्नुपर्ने जस्ता सुझाब पेस गरिएको छ । प्रस्तुत अध्ययनबाट शोधार्थीलाई तथ्य सङ्कलनमा सहयोग पुग्ने देखिन्छ ।

दाहाल (२०६७) द्वारा 'झापा जिल्लाका उच्च माध्यमिक तहमा अध्ययनरत कक्षा बाह्रका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरेको पाइयो । यस अध्ययनको उद्देश्य कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता पहिल्याउनु, उक्त कक्षामा अध्ययनरत विद्यार्थीहरूको पृष्ठभूमि, लैङ्गिकता पठनबोध क्षमता पहिचान गर्नु मातृभाषी र विमातृभाषी विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश पाठ्य उच्चारण बिच पठनबोध क्षमताको तुलनात्मक स्थिति पहिचान गर्नुका साथै पठनबोध क्षमता अभिवृद्धिका लागि आवश्यक सुझाव दिनु जस्ता उद्देश्यहरू राखिएको पाइन्छ । उक्त अध्ययनमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको प्रतिशतलाई हेर्दा प्राप्ताङ्क प्रतिशत सन्तोषजनक रहेको, छात्रछात्राबिचको पठनबोध क्षमता समान रहेको निष्कर्ष निकालिएको थियो । प्रस्तुत अध्ययनबाट शोधार्थीलाई नयाँ सूचना प्राप्त हुने देखिन्छ ।

भुसाल (२०६७) द्वारा 'कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको पाइन्छ । उक्त शोधकार्य कक्षा छका

विद्यार्थीहरूको पठनबोध क्षमता पहिल्याउनु, उक्त कक्षामा अध्ययनरत विद्यार्थीहरूको स्थानीयता भाषिक पृष्ठभूमि, लैङ्गिकता, विद्यालयको प्रवृत्ति र जातियताको आधारमा पठनबोध क्षमताको तुलनात्मक विश्लेषण गरी, उक्त कक्षाका दृष्टांश र अदृंष्टांश पाठ्य उद्धरणका बिच पठनबोध क्षमताको तुलनात्मक स्थिति पहिचान गर्नु जस्ता उद्देश्यहरू राखिएको छ । उक्त अध्ययनमा विद्यार्थीहरूको पठनबोध क्षमता सन्तोषजनक रहेको, गाउँभन्दा सहरका विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको, छात्रछात्रा विच पठनबोध क्षमताको अन्तर नरहेको, संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको पठनबोध क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको छ । प्रस्तुत अध्ययनबाट शोधार्थीलाई सैद्धान्तिक आधार प्राप्त हुने देखिन्छ ।

कुँवर (२०६९) द्वारा 'अछाम जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त अध्ययनमा अछाम जिल्लाका पाँच कक्षामा अध्ययनरत विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश पाठहरूको पठनबोध क्षमता पहिचान गर्नु उक्त जिल्लाका पाँच कक्षाका विद्यार्थीहरूको स्थानीय, लैङ्गिकता र विद्यालय प्रकृतिका आधारमा र तुलनात्मक ढङ्गले पठनबोध क्षमताको स्थिति पहिचान गर्नु जस्ता उद्देश्यहरू राखिएको छ । प्रस्तुत अध्ययनमा सर्वेक्षण विधिको प्रयोग गरिएको छ । सामग्री सङ्कलनको स्रोतका रूपमा प्राथमिक स्रोत र द्वितीयक स्रोतको प्रयोग गरिएको छ भने पूर्वकार्यहरू, सन्दर्भ पुस्तकहरू, सम्बन्धित, विज्ञका रायहरू सुझावहरू द्वितीयक स्रोतका रूपमा समावेश गरिएका छन् । प्रस्तुत अध्ययनमा अछाम जिल्लाका तीन निजी र तीन सरकारी विद्यालयबाट नमुना छनोट पद्धतिअनुसार ७२ जना विद्यार्थीहरूलाई नमुनाको रूपमा लिइएको पाइन्छ । त्यस्तै गाउँको विद्यार्थीको तुलनामा सहरका विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको, छात्राका तुलनामा छात्रहरूको पठनबोध क्षमता कमजोर रहेको अध्ययनले कक्षा शिक्षणका पठनबोधसम्बन्धी अतिरिक्त क्रियाकलाप समावेश गर्नुपर्ने, पाठ्यक्रम, पाठ्यपुस्तकहरू विद्यार्थीका रुचि, क्षमता, आवश्यकता तथा बौद्धिक स्तरका हुनुपर्ने जस्ता पक्षहरूलाई सुझावको रूपमा पेश गरिएको छ । प्रस्तुत अध्ययनबाट शोधार्थीलाई नयाँ सूचना प्राप्त हुने देखिन्छ ।

गौतम (२०७०) द्वारा 'कक्षा नौमा अध्ययन विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य पुरा गरिएको पाइन्छ । उक्त शोधकार्य कक्षा नौमा विद्यार्थीहरूको पठनबोध क्षमता पहिल्याउनु, भाषिक पृष्ठभूमि, लैङ्गिकता, क्षेत्रीयता र

स्थानीयताका आधारमा उक्त कक्षाका विद्यार्थीहरूको पठनबोध क्षमताको पहिचान गर्नु, पठनबोध क्षमताको अभिवृद्धिका लागि आवश्यक सुझाव पेश गर्नु जस्ता प्रमुख उद्देश्यहरूमा केन्द्रित रहेको पाइन्छ। उक्त, अध्ययनमा नेपाली मातृभाषीभन्दा दोस्रोभाषी, तराइबासी भन्दा पहाडिया र सहरियाभन्दा ग्रामीण विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको देखिन्छ । यसका साथसाथै उक्त अध्ययनका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको छ। प्रस्तुत अध्ययनबाट शोधार्थीलाई विषयवस्तुको विश्लेषणका लागि ढाँचा प्राप्त हुने देखिन्छ।

सुवेदी (२०७०) द्वारा 'इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य भएको पाइन्छ । उक्त अध्ययनमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता पहिल्याउनु, विद्यालयको प्रकृति तथा लैङ्गिकता र भाषिक पृष्ठभूमि तथा स्थानीयताका आधारमा पठनबोध क्षमता पहिचान गर्नु जस्ता उद्देश्यहरू रहेका छन् । मूलतः सर्वेक्षण विधिलाई आधार बनाइएको र नमुना सङ्कलनका लागि इलाम जिल्लाका ग्रामीण क्षेत्रबाट पाँच र नगरपालिका क्षेत्रबाट पाँच गरी दशवटा विद्यालयमध्ये संस्थागततर्फ पाँचवटा र सामुदायिकतर्फ पाँचवटा विद्यालयहरू समेटिएको देखिन्छ। यस अध्ययनमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको, दृष्टांशभन्दा अदृष्टांशमा पठनबोध क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको छ । उक्त पूर्वकार्यको अध्ययन विधिको आंशिक सहयोग लिई प्रस्तुत शोधकार्यमा कक्षा आठका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन गरिएको छ।

अधिकारी (२०७१) द्वारा 'काठमाडौँ जिल्लाका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन' शीर्षकमा अनुसन्धान भएको पाइन्छ। यस अनुसन्धानमा उक्त शोधकार्य तथा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता पहिल्याउनु, विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमता पत्ता लगाउनु, लैङ्गिकताका आधारमा पठनबोध क्षमताको तुलना गर्नु जस्ता प्रमुख उद्देश्यहरू रहेको पाइन्छ । शोधविधिको रूपमा नमुना सर्वेक्षण विधि, जनसङ्ख्या, नमुना छनोट जस्ता विषयवस्तुलाई समावेश गरिएको छ । प्रस्तावित अध्ययनमा काठमाडौँ जिल्लाका विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको देखिए तापनि समग्रमा दुबै तर्फका पठनबोध क्षमता राम्रो रहेको पाइन्छ भन्ने निष्कर्ष निकालिएको छ । प्रस्तुत अध्ययनबाट शोधार्थीलाई सैद्धान्तिक आधार प्राप्त हुने देखिन्छ।

यसरी पठनबोध क्षमताको अध्ययनबाट भाषाभाषीसम्बन्धी खोजतलास वा अनुसन्धान गर्न चाहने व्यक्तिहरूलाई, भाषा पाठ्यक्रमविद्हरूलाई आवश्यताअनुसार पाठ्यक्रम सुधार एवम् परिमार्जन गर्ने जस्ता पक्षहरूमा सहयोग पुग्ने अपेक्षा राखिएको छ । त्यसैगरी भाषा शिक्षण प्रक्रियालाई अगाडि बढाउनुमा पनि उत्तिकै सहयोग पुग्ने भएकाले यो अध्ययन अरू अध्ययनभन्दा विशिष्ट र महत्त्वपूर्ण हुने कुरामा विश्वास लिइएको छ ।

## २.२ अवधारणात्मक ढाँचा

प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा पठनबोध सम्बन्धी केही अवधारणाहरूलाई प्रस्ट पार्नुपर्ने भएकाले तिनलाई यहाँ क्रमशः उल्लेख गरिएको छ :

### २.२.१ बोधको परिचय

भाषा मानवीय वस्तु हो । भाषाको आर्जन व्यक्तिले समाजबाट गर्दछ र प्रयोग पनि समाजमा नै गर्दछ । मानवीय विचार सम्प्रेषणको माध्यमको रूपमा काम गर्ने यादृच्छिक वाक्प्रतीकहरूको विशिष्ट व्यवस्था भाषा हो (ढकाल, २०६४ : ६) । अतः भाषा यादृच्छिक वाक्प्रतीकहरूको व्यवस्था हो र यसले विचार विनिमयको माध्यमको काम गर्छ भन्ने कुरा प्रस्ट हुन्छ । भाषा शिक्षणको मुख्य उद्देश्य नै भाषिक सीपको विकास गराउनु हो ।

'बोध' भनेको 'बुझ्नु' अर्थात् पढेका वा सुनेका कुरा बुझ्नु हो । सुनाइ, बोलाइ, पढाइ र लेखाइ भाषाका आधारभूत सीपहरू हुन् । यी चारवटै भाषिक सीपहरूमध्ये पढाइ एक महत्त्वपूर्ण सीप हो । पढाइ सीपको सम्बन्ध बोधसँग रहेको हुन्छ । त्यसैले पढाइ सीपअन्तर्गतको पठनबोध एक महत्त्वपूर्ण भाषिक सीप हो । पढाइ सीपद्वारा व्यक्तिमा कुनै एक भाषिक सीपको मात्र विकास नभई सबै भाषिक सीपहरूको विकास हुन जान्छ । अभिव्यक्ति भनेको बुझेको वा अनुभव गरेको कुरा व्यक्त गर्नु हो । अतः व्यक्तिमा अभिव्यक्ति क्षमताको विकास हुनुभन्दा पहिले बोध क्षमताको विकास हुन आवश्यक छ ।

बोध मानिसमा हुनुपर्ने बौद्धिक क्षमताको विकासमा मद्दत पुऱ्याउने भाषिक सीप हो । मानिसमा बोध क्षमता जति धेरै हुन्छ । उक्त त्यति नै उच्च बौद्धिक क्षमताको रूपमा स्थापित हुन पुग्दछ । लेख्य भाषिक संरचनाबाट कुनै पनि विषयवस्तुको अभिप्राय, भाव विचार आदि सार कुरा बुझ्नु आवश्यक छ । बोधविना लेख्य भाषा प्रयोजनहीन हुन जाने भएकाले बोध क्षमताको अध्ययन आवश्यक हुन्छ । बोध सामान्य श्रुतिबोध र पठनबोध गरी दुई प्रकारका हुन्छन् । यहाँ श्रुतिबोध र पठनबोधको सामान्य परिचय दिएको छ ।

### २.२.१.१ श्रुतिबोध

वक्ताले भनेको भनाइको अर्थ र आशयअनुरूप बुझेर सुन्नुलाई सुनाइ भनिन्छ । सुनाइ भाषा सिकाइको सर्वाधिक महत्त्वपूर्ण आधार हो । त्यसैले श्रुतिबोध श्रवणकला विकासको महत्त्वपूर्ण आधार हो । भाषाको विकास श्रुतिबोधबाट नै आरम्भ हुने भएकाले श्रुतिबोध क्षमता विकासलाई भाषा शिक्षणको प्रमुख आधार मान्न सकिन्छ । यसले वक्ताको मौखिक अभिव्यक्तिलाई श्रोताले सुनेर बुझ्ने प्रक्रियासँग सम्बन्ध राख्दछ । भाषाका प्रमुख पक्ष बोध र अभिव्यक्तिमध्ये श्रुतिबोध ग्रहण पक्षसँग सम्बन्धित मानिन्छ । यो अभिव्यक्तिको पूर्व सर्त हो । बोध विहिन सुनाइ प्रायः निरर्थक सावित हुन्छ (अधिकारी, २०५७ : २६) । बोधविनाको श्रुतिलाई वास्तविक सुनाइ मान्न सकिँदैन । श्रुतिबोध मौखिक भाषाको बोध भएकोले यस कार्यमा आवश्यकता अनुरूप वक्ताको हाउभाउ, अङ्ग सञ्चालन, लय आघात जस्ता भाषिकेतर तत्त्वले गर्दा मूलभाषिक अभिव्यक्तिको अनर्थ लाग्न सक्छ । जुन कुरा राम्रोसँग सुन्न सकिँदैन, त्यसलाई राम्ररी व्यक्त गर्न पनि सकिँदैन र जुन कुरा राम्ररी व्यक्त गर्न पनि सकिँदैन र जुन कुरा राम्ररी सुनिन्छ, त्यसलाई व्यक्त गर्न सकिन्छ । श्रुतिबोध ग्रहणात्मक सीपको पहिलो खुड्किलो हो (अधिकारी र शर्मा, २०६१ : ४४) । विद्यार्थीहरू जति बढी मात्रामा सुन्ने र सुनाउने अवसर पाउँछन्, त्यति नै उनीहरूमा श्रुतिबोध क्षमता निकै कमजोर रहेको हुन्छ । जसका लागि उपयोग गरिने सामग्रीहरू प्रामाणिक ढोका नै बन्द हुन सक्छ । श्रुतिको विकासका लागि उपयोग गरिने सामग्रीहरू प्रमाणिक, स्तरअनुकूल, रुचिपूर्ण, ज्ञानवर्द्धक ढाँचामा आधारित हुनुपर्छ । यसको विकासका लागि विद्यार्थीहरूको रुचि क्षमता एवम् स्तरका आधारमा विभिन्न किसिमका कथा, चुट्किला रोचक प्रसङ्गहरू तथा अन्य अङ्गहरूको सञ्चालन गरी उपयोग गर्न सकिन्छ । श्रुतिबोधलाई भाषाविज्ञानको अपरिहार्य अङ्गको रूपमा लिइन्छ ।

### २.२.१.२ पठनबोध

'पठन' र 'बोध' यी दुई स्वतन्त्र शब्दको योगबाट पठनबोध शब्द बनेको हो र पठन भनेको 'पठन' हो भने बोध भनेको 'बुझ्नु' अर्थात् पढेका कुरा बुझ्नु हो । कुनै कुरा पढेर बुझ्नुलाई पठनबोध भनिन्छ । पठनबोध कुनै भाषिक व्यवस्थाअन्तर्गत अभिव्यक्त विचारलाई ग्रहण गर्ने तत्त्व हो । लिपिबद्ध भाषामा लेखिएका ज्ञान एवम् सूचनालाई पाठकले आँखा र मस्तिष्क सङ्गठित गरेर अर्थबोध गर्नुलाई पठनबोध भनिन्छ (शर्मा र पौडेल, २०६६ :

१५१) । पठनाबेधलाई ज्ञान आर्जनको रूपमा मात्र नभई मनोरञ्जनको एक उपायका रूपमा पनि लिन सकिन्छ । पढाइको उद्देश्य बोधविना पूरा हुन सक्दैन । बोध भाषिक व्यवस्थाअनुसार शब्दहरूको अर्थ निर्धारण गर्ने र उक्त अर्थलाई यस भाषाको व्यापक ढाँचामा सम्बद्ध गराई लेखकका मनमा भएका सम्बन्धित विचारहरू शृङ्खलामा उन्ने प्रक्रिया पठनबोधमा हुन्छ ।

लिपिबद्ध रूपमा दृश्यात्मक भाषामा उतारिएका ज्ञानलाई आँखा र मस्तिष्कको सङ्लग्नताले पाठकका पूर्वानुभुति, संज्ञान, र दृश्य सङ्केतहरलाई द्रुततापूर्वक सङ्गठित गरेर बुझ्ने सिप र क्षमता नै पठनबोधको अभिप्राय हो । पठनका क्रममा अक्षर, शब्द, पदावली र वाक्यहरूको आफ्ना अनुभवको आधारमा तिनको सङ्गठन र आफ्नो बोध क्षमताको आधारमा तिनको अर्थ पत्ता लगाउने कार्यले पठनबोध उत्कृष्टतातर्फ पुग्दछ भने त्यस भन्दा विपरित स्थितिमा पठनकलामा ह्रास आउँछ । लिपिबद्ध गरिएका विचार वा भावलाई पाठकले मनमनै पढेर बुझ्नुलाई पठनबोध भनिन्छ (ढकाल, २०६३ : १०९) । पठनबोध नै भाषिक व्यवस्था अन्तर्गत अभिव्यक्त र विचारलाई ग्रहण गर्ने महत्त्वपूर्ण सिप हो । त्यसपछि मस्तिष्कमा अर्थ निर्माण भई बोध हुने गर्दछ । पठनबोध क्षमताको विकासका लागि विद्यालयभित्र र बाहिरका विभिन्न अवसरहरू उपलब्ध गराउन आवश्यक देखिन्छ । त्यसैले पढाइको उद्देश्य बोधविना पुरा हुन सक्दैन । विद्यार्थीहरूमा जति बढी मात्रामा पठनबोध क्षमताको विकास हुँदै जान्छ त्यति नै भाषिक सिपमा प्रभाव पर्न सक्छ । पठनबोध शिक्षण श्रुतिबोध शिक्षण जस्तो सरल, सहज र स्वाभाविक ढङ्गले नभई जटिल प्रकृतिको हुन्छ (पौडेल, २०६४ : २४) । पठनबोधले लेख्य भाषिक संरचनाबाट कुनै पनि विषयवस्तुको अभिप्राय, भाव, विचार आदि कुरा बुझ्न सक्ने क्षमताको विकास गर्छ ।

पठनबोध क्षमताको विकासले अन्य विविध सिप र क्षमताको विकासमा धेरै मद्दत पुऱ्याउँछ । यसले विद्यार्थीहरूमा शब्दभण्डार विकासका साथै अन्य सिपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ क्षमताको विकासमा पनि सहयोग पुऱ्याउँछ । यसरी पठनबोधले विद्यार्थीका शैक्षिक विकासमा मात्र नभएर हरेक क्षेत्रका विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

### २.२.२ पठनबोध क्षमताको महत्त्व

ज्ञानको विकास गर्ने प्रभावशाली उपाय भनेको पढाइ हो । ज्ञानविज्ञानका विविध क्षेत्र र विषयसँग आजका मान्छे सम्बन्धित छन् । भाषामा लिपिबद्ध वा लिपिचिह्नद्वारा उतारिएका

सामग्रीलाई पढेर बुझ्ने क्षमताको विकास गर्न र अभिव्यक्तिगत तथ्य, विचार वा भाव बुझेर प्रतिक्रिया व्यक्त गर्न सक्ने क्षमताको विकास गर्नु पठनबोध हो । पठनबोध लिखित अभिव्यक्तिलाई पढेर त्यसको मूल मर्म बुझ्नसँग सम्बन्धित हुन्छ । बोधविनाको पढाइ अर्थहीन हुन जान्छ । बोधविनाको पढाइले सार्थक रूप प्राप्त गर्न सक्दैन । पठनबोध शिक्षणले विद्यार्थीलाई लिखित अभिव्यक्तिका माध्यमबाट के कस्ता त्रुटिहरू गर्दछन् । भन्ने कुराको निर्क्योल गर्नु साथै पठनबोध क्षमता कमजोर छ कि छैंन भन्ने कुराको जानकारी हुन्छ । साथै आफूले गरेको त्रुटि पत्ता लगाउने अवसर पनि पैदा हुन्छ ।

ज्ञान विज्ञान तथा प्रविधिले दिनानुदिन फड्को मारिरहेको अवस्थामा ती ज्ञान विज्ञानका क्षेत्रसँग परिचित तिनै क्षेत्रसँग सम्बन्धित सामग्रीलाई पढेर बुझ्नको लागि पनि पठनबोध क्षमताको आवश्यकता पर्दछ । जबसम्म लिखित सामग्रीलाई पढेर बुझ्न सक्ने क्षमताको विकास हुन सक्दैन, तबसम्म विविध क्षेत्रमा भएका नयाँनयाँ आविष्कार तथा विकासहरू अर्थहीन हुन जान्छन् । दिन प्रतिदिन ज्ञान विकासका क्षेत्रमा नयाँ-नयाँ विचार एवम् दृष्टिकोण लिपिबद्ध भाषाका रूपमा आइरहेका हुन्छन् । यस्ता सामग्री पढेर बुझ्नको लागि पनि पठनबोध क्षमताको आवश्यकता पर्दछ । विद्यार्थीमा लिखित सामग्री पढ्ने र बुझ्ने क्षमताको समुचित विकास भएन भने साहित्य, कला, संस्कृति राजनीतिक, अर्थनीति तथा नयाँ नयाँ अनुसन्धानबाट प्राप्त विभिन्न क्षेत्रका कुराहरूको बोधबाट प्रायः वञ्चित हुनुपर्ने अवस्था आउँछ । त्यसै कारणले पठनबोधको महत्त्व अझ बढिरहेको छ । वाङ्मयका सम्पूर्ण कुराहरूको पठनपाठनबाट पाठकमा आनन्दको अनुभूति र मनोरञ्जन प्राप्त हुन्छ । विभिन्न साहित्यिक विधा पढेर साहित्यिक आस्वादन लिने प्रवृत्तिको विकासले मानसिक सन्तुष्टि दिनुका साथै उक्त विधा वा कृतिमा अभिव्यक्त भाव वा विचारको मर्म बोधबाट हुने फाइदासमेत विद्यार्थीहरूले लिन सक्छन् । पठनबोध क्षमताका विकासले गर्दा विद्यार्थीहरूमा ज्ञानको विकास हुनुका साथै पढाइप्रति अभिरुचि बढ्न जान्छ । पठनबोध पढाइ र बुझाइसँग सम्बन्धित शिक्षण भएको हुनाले यसका निम्ति गरिने कर्याकलापहरू पनि अनुमानका रूपमा नभई अनुभवका आधारमा छनोट गर्नुपर्दछ (पौडेल, २०६४ : २११) । पठनबोध क्षमताको विकासले भाषाका सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइ अनि विभिन्न किसिमका शब्दहरूको प्रयोगको औचित्य ठम्याउने क्षमताको विकास गर्दछ । पठनबोध क्षमताको विकासले विद्यार्थीहरूमा ज्ञान आर्जन हुनुका साथै पढाइप्रति रुचि र फुर्सदको समयलाई

उपयोग गर्ने बानीको विकास हुन्छ र भावी जीवनलाई पठनपाठनमा सरिक रहन पठनबोध क्षमता उपयोगी देखिन्छ ।

पठनबोधको अभ्यासले विद्यार्थीहरूलाई लिखित सामग्री गति र यति मिलाई शुद्ध र स्पष्टसँग सस्वरवाचन गर्न मद्दत गर्नुका साथै पाठमा व्यक्त गरिएका विषयवस्तुको सही अर्थलाई पढ्न सक्ने क्षमताको विकास गर्दछ । पठनबोधको उत्कृष्ट रूप मौनपठन र यसको केन्द्रीय तत्त्व पठनबोध हो । यसको विकासले नै विद्यार्थीहरूको ज्ञान एवम् अनुभव विस्तार हुने तथा पूर्वानुभव एवम् पूर्वज्ञानलाई परिष्कार गरी नयाँ नयाँ दृष्टिकोण तथा सिर्जनात्मक क्षमताको विकासमा समेत सहयोग पुग्ने देखिन्छ । यसरी विद्यार्थीको शैक्षिक विकास मात्र नभएर सर्वाङ्गीण विकासमा समेत पठनबोधको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । बोध अभिव्यक्तिको पूर्वसर्त हो । बोधविना अभिव्यक्तिको कल्पना समेत गर्न सकिँदैन, त्यसैको आधारमा पनि बोधको महत्त्वलाई आकलन गर्न सकिन्छ । उच्च स्तरीय लेखकको गहन विचार र परिमार्जित भाषाको अर्थबोध गर्न यो प्रक्रिया नितान्त आवश्यक देखिन्छ । यस माध्यमले साहित्यिक, सामाजिक, राजनीतिक आदि क्षेत्रमा अन्तर्निहित भावमय तथा बौद्धिक अभिव्यक्तिको मर्म ग्रहण गर्न सघाउ पुऱ्याउँछ र आवश्यकताअनुसार उपयुक्त बेला र ठाउँमा प्रकट गर्न भाषिक रूपमा समर्थ बनाउँछ । यसले भावलाई तीव्रता दिन्छ, नयाँ कुरा जान्ने खुलदुली जगाउँछ र त्यसको जानकारी लिन अध्येतालाई सहयोग पुऱ्याउँदछ । यी विभिन्न दृष्टिकोणबाट पनि बोधको महत्त्व रहेको पुष्टि हुन्छ ।

### २.२.३ पठनबोध शिक्षणका कार्यकलाप

लेखकद्वारा लिपि तथा लेख्य चिह्नको प्रयोग गरी लिपिबद्ध गरिएको विचारलाई बुझ्ने वा त्यसको भाव ग्रहण गर्ने गरी पढ्नु पठनबोध भएकाले यस्ता सिपको विकास गर्न र गराउन विभिन्न किसिमका कार्यकलापहरू गराउन सकिन्छ । विद्यार्थीलाई पठनबोध अभ्यासका लागि प्रयोग गरिने पाठ्यसामग्री, निर्धारित पाठ्यपुस्तकको उद्धरण भए सोही पाठ्यपुस्तकबाट र नभए उक्त सामग्री पाठपत्र वा पाटीमा लेखी सार्न लगाएर वा मुखैले भनी टिप्न लगाएर विद्यार्थीहरूलाई उपलब्ध गराउन सकिन्छ । पठनबोध गराउँदा विभिन्न कार्यकलाप अपनाउनुपर्ने हुन्छ । पठनबोध शिक्षणका कार्यकलापहरू यसप्रकार उल्लेख गर्न सकिन्छ :

### २.२.३.१ **प्रश्न गर्ने**

पठनबोधका लागि कक्षाको स्तर हेरी विद्यार्थीहरूलाई कुनै पनि अनुच्छेद दिएर विभिन्न प्रश्नहरू सोध्ने गरिन्छ । माथिल्ला कक्षामा निचोडमूलक, अनुमानात्मक र समीक्षात्मक प्रश्नहरू क्रमशः गराउँदै लानुपर्छ । तल्लो कक्षामा सोधिने प्रश्नहरू एक शब्द वा सरल तरिकाले एक वाक्यमा दिन सक्ने हुनुपर्छ । यसका अतिरिक्त बहुवैकल्पिक, खाली ठाउँ भर्ने र ठिकबेठिक छुट्याउने जस्ता प्रश्नहरू पनि सोध्न सकिन्छ ।

### २.२.३.२ **मुख्य विचार बुझेर व्यक्त गर्न लगाउने**

विद्यार्थीहरूलाई कुनै पनि पाठ्यसामग्री पठन दिने र त्यस्तो सामग्रीको मुख्य विचार उनीहरूलाई भन्न लगाउने गरेमा पनि पठनबोधको विकास हुन्छ । यसो गर्नाले पढेपछि केही न केही जान्नै पर्छ भन्ने भावनाको विकास हुन्छ । अतः मुख्य कुरा बुझ्नु र भन्नु विद्यार्थीका लागि जरुरी छ ।

### २.२.३.३ **सार ग्रहण गर्ने**

सार ग्रहणका लागि कक्षाको स्तर हेरी यस्ता निचोडमूलक प्रश्नहरूको प्रयोग गर्ने सकिन्छ । पठित अंशको मुख्य विचार बुझेर त्यसका आधारमा सार ग्रहण गर्ने र मौखिक वा लिखित रूपमा सारांश भन्ने वा सङ्क्षेपीकरण गराउने उपाय अपनाउन सकिन्छ ।

### २.२.३.४ **बुँदाटिपोट**

पठित वा श्रुति अभिव्यक्ति, सङ्कथन र अनुभवका आधारभूत कुराहरू बुझी तिनलाई बुँदामा वा एकाइमा परिणत गरेर लेख्नु नै बुँदाटिपोट भएकाले विद्यार्थीहरूलाई यस्तो प्रकारको क्रियाकलापले मुख्य विचार बुझ्ने र सार ग्रहण गर्ने सीपको विकास हुन सक्ने देखिन्छ ।

### २.२.३.५ **घटनाको अनुमान गर्न लगाउने**

पाठको खास अनुच्छेद पढ्न दिएपछि त्यसभन्दा अघि हुने र पछि हुने घटना वा विषयवस्तु शृङ्खलाको अनुमान गर्न लगाउन सकिन्छ । यसबाट विद्यार्थीहरूको अनुसरण तथा कल्पना गर्ने क्षमताको विकास हुन सक्छ ।

**२.२.३.६ छलफल गराउने**

विद्यार्थीहरूलाई स-साना समूहमा विभाजन गरी प्रत्येकलाई अलग अलग वा एउटै एउटै उपलब्ध गराएर मौनपठन गर्न लगाई आफ्नो समूहभित्र एक अर्काका पाठ्यविषयमा केन्द्रित रही छलफल गराउनुका साथसाथै तर्कवितर्क गर्न लगाउन सकिन्छ ।

**२.२.३.७ प्रश्न निर्माण गर्न लगाउने**

विद्यार्थीहरूलाई सम्बन्धित पाठ्यांश पढ्न लगाई त्यसबाट प्रश्न बनाउन लगाउने गरेमा पनि पठनबोध क्षमताको विकास हुन्छ । प्रश्नहरू बनाउन निर्देशन दिँदा विद्यार्थीहरूलाई कक्षामा दुई समूहमा विभाजन गर्नुपर्दछ । एक समूहलाई निर्दिष्ट पाठबाट प्रश्न गर्न लगाउने र अर्को समूहलाई तोकिएको पाठ पढी उत्तर दिन लगाउने गरेमा बोध क्षमता स्तरीय हुँदै जान्छ ।

**२.२.३.८ समीक्षा गराउने**

पाठ्यांश अथवा दिइएको सामग्री अध्ययन गरिसकेपछि त्यसमा अन्तर्निहित मुख्य विचार, सत्यतथ्य, काल्पनिक र सान्दर्भिकता पहिल्याउन र त्यसमाथि सामान्य समीक्षा गर्न सक्ने क्षमताको विकास गर्न समीक्षा गराउन सकिन्छ ।

**२.२.३.९ प्रतिक्रिया व्यक्त गर्न लगाउने**

कुनै पनि पाठ्यसामग्री पढ्न दिई विद्यार्थीहरूलाई त्यसमा निहित कुराहरूप्रति प्रतिक्रिया व्यक्त गर्न लगाउनु पर्छ । घटनाको विषयवस्तु भाषाशैली, व्याकरणात्मक कुराहरू आदिका बारेमा प्रतिक्रिया व्यक्त गर्न लगाउने गरेमा विद्यार्थीहरूको बुझेर व्यक्त गर्ने बानीको विकास हुन्छ ।

**२.२.३.९ पहिले नै प्रश्न दिई उत्तर खोज्न लगाउने**

विद्यार्थीहरूलाई कुनै उद्धरण पाठ्य सामग्री पढ्न लगाउनु छ भने सो पढ्नुभन्दा पहिले नै त्यससँग सम्बन्धित केही प्रश्नहरू शिक्षकले श्वेतपाटीमा लेखिदिने र ती प्रश्नको सही उत्तर विद्यार्थीलाई खोज्न लगाई कक्षाकोठामा बताउन लगाउने कार्यकलापसमेत पठनबोधका लागि महत्त्वपूर्ण कार्यकलाप हो ।

### २.२.४ पठनबोधका तह

पठनबोध शिक्षणको मूलभूत उद्देश्य भनेकै विद्यार्थीहरूलाई पढेका कुरा बुझ्न सक्ने तुल्याउनु हो । यसका निम्ति पढाइमा एकाग्रता र नियमितताको खाँचो पर्दछ (पौडेल, २०६४ : २०४) । पठनबोध शिक्षण श्रुतिबोध शिक्षण जस्तो सरल, सहज र स्वाभाविक ढङ्गको नभई केही कृत्रिम वा जटिल प्रकृतिको हुन्छ । पठनबोधका उपयुक्त तहहरू कठिनाइ स्तरका दृष्टिले आरोहात्मक किसिमका देखिन्छन् । पठनबोधलाई सामान्यतः चार तहमा वर्गीकरण गरिएको पाइन्छ ।

#### २.२.४.१ अभिधात्मक तह

पठनबोधको पहिलो तहमा अभिधात्मक तहलाई लिन सकिन्छ । यसमा बोद्धाले प्रस्तुत सन्दर्भमा अभिव्यक्त शब्द, वाक्य र विचारको शाब्दिक अर्थ मात्र खोज्दछ । यस तहमा सोझो अर्थ मात्र बोध गर्ने गरिन्छ ।

#### २.२.४.२ व्याख्यात्मक तह

व्याख्यात्मक तहमा लेखकले सिधा नभनेको तर त्यसमा अन्तर्निहित विचारहरूको आफ्नै प्रयास र अनुमानका आधारमा बोद्धाले बुझ्ने गर्दछ । अथवा बोद्धाले सिधा वा शाब्दिक अर्थ मात्र ग्रहण नगरी लेखकले सिधा नभनेको तर त्यसमा अन्तर्निहित अर्थको अनुमानित अर्थ ग्रहण गर्दछ ।

#### २.२.४.३ समीक्षात्मक तह

यस तहमा बोद्धाले पठित सामग्रीहरूको सत्यता तथा उपयुक्ततालाई केलाएर हेर्ने वा समीक्षा गर्ने गर्दछ । यहाँ भएका कुराहरूलाई आलोचनात्मक कोणबाट समेत विश्लेषण गर्दछ ।

#### २.२.४.४ सिर्जनात्मक तह

सिर्जनात्मक तहमा बोद्धाले भाषामा अन्तर्निहित अभिप्रायलाई आफ्नो जीवनका विविध सन्दर्भमा प्रयोग गर्ने सामर्थ्य समेत हासिल गर्दछ ।

### २.२.५ पठनबोधको चरणहरू

पठनबोध क्षमताको प्रारम्भिक चरणमा भन्दा उत्तरवर्ती चरणमा अभ्यास एवम् अनुभवका कारण पाठकको पठनबोध क्षमतामा बढी परिपक्वता देखापर्दछ । पढाइको

सुरुवातको अवस्थामा रहेका विद्यार्थीहरूको तुलनामा उत्तरवर्ती चरणमा प्रवेश गरेका विद्यार्थीहरूको पठनबोध क्षमता निकै उच्च रहेको पाइन्छ । सुरुमा विद्यार्थीहरूले पढाइको एकाइ अक्षरलाई बनाउँछन् भने अभ्यस्त हुँदै गएपछि शब्दलाई पनि पढाइको एकाइ बनाउने गर्दछन् । विद्यार्थीहरूमा क्रमशः अक्षर, शब्द, पदावली र वाक्यसम्मको पढाइ विस्तार भई पठनबोध क्षमताको विकास हुन्छ भने उत्तरवर्ती चरणमा मौन पठनद्वारा पठनबोध क्षमताको विकास हुन्छ । पठनबोधका चरणलाई यसप्रकार उल्लेख गर्न सकिन्छ :

### २.२.५.१ पहिचान

पठनबोधको प्रथम चरणका रूपमा पहिचानलाई लिन सकिन्छ । यो पढाइ सीप अन्तर्गतको बामे सर्दाको अवस्था हो । यस चरणमा शिक्षार्थीले शब्दलाई पनि अक्षर अक्षरमा छुट्याएर पढ्छन् । उनीहरू शब्दलाई विस्तारै दोहोऱ्याई पढ्छन् । कतिपय वर्णविन्यासमा उपस्थित हुने हुनाले पठनका क्रममा बिचबिचमा अडिने गर्दछन् र ती शब्दलाई समग्रतामा नभई पृथक् पृथक् रूपमा पहिचान गर्ने प्रयास गर्दछन् । पहिचानको यस चरणमा रहेका शिक्षार्थीहरूलाई पठनबोधका दृष्टिले प्रारम्भिक चरणअन्तर्गत राख्न सकिन्छ ।

### २.२.५.२ सङ्गठन

पठनबोध क्षमताको विकासका दृष्टिले पहिचानपछि विकसित हुने चरण सङ्गठन हो । यस चरणमा आइपुग्दा विद्यार्थीहरू अक्षर र शब्दको पहिचान मात्र नभएर वाक्यमा प्रयुक्त शब्दहरूको अन्तर्सम्बन्ध पनि बुझ्न थाल्छन् । यस चरणमा शिक्षार्थीले शब्द, पदावली र वाक्यको परस्पर आवद्धतालाई पहिल्याउँदै पढ्न थाल्छन् । वाक्यमा पदक्रम नमिलेको भए त्यसलाई पनि सच्याएर पढ्ने प्रयास गर्न थाल्छन् । पठनबोधका दृष्टिले यस चरणलाई मध्यम चरणमा राख्न सकिन्छ ।

### २.२.५.३ अर्थानुसन्धान

यो पठनबोध क्षमताको विकासको अन्तिम अर्थात् उच्चतम चरण हो । अधिक अभ्यास र अनुभवद्वारा खारिएका प्रौढ पाठकहरू नै यस चरणमा प्रवेश गर्न सक्षम हुन्छन् । विद्यार्थीहरूमा पहिचान र सङ्गठन गर्ने क्षमताको विकासबाट नै अर्थानुसन्धान गर्ने क्षमता प्राप्त हुन्छ । यस चरणमा विद्यार्थीहरू जटिल एवम् बौद्धिक किसिमको भाषिक सामग्रीलाई पनि गति र यति मिलाई सस्वर एवम् मौन वाचन गरी त्यस अन्तर्गतको विषयवस्तुको मूल

मर्म वा विचारलाई बुझ्न समेत सक्षम हुन्छन् । यस चरणमा प्रवेश पाएका शिक्षार्थीहरूलाई पठनबोधका दृष्टिले उच्च वर्गअन्तर्गत राख्न सकिन्छ ।

### २.२.६ पठनबोधमा प्रभाव पार्ने तत्त्वहरू

भाषिक सीप सिकाइको एक महत्त्वपूर्ण पक्ष भनेको पठनबोध हो । खास तह र कक्षाका सम्पूर्ण विद्यार्थीहरूमा समान गतिमा पठनबोध क्षमताको विकास भएको हुँदैन । यस्तो हुनुमा विभिन्न कारणले असर पारिरहेका हुन्छन् । त्यस्ता कारणहरूको पहिचान गरेर निर्मूल गर्ने प्रयास गरिएमा मात्र पठनबोध क्षमताको विकास गर्न सकिन्छ तर उक्त कुरामा विचार पुऱ्याउन सकिएन भने त्यसले पठनबोध क्षमताको विकासमा नकारात्मक असर पार्दछ । पठनबोध क्षमताको विकास सबै विद्यार्थीहरूमा समान रूपमा हुन नसक्ने विविध कारणहरूलाई नै पठनबोधमा प्रभाव पार्ने तत्त्वहरू भनिन्छ । यस्ता प्रभावक तत्त्वहरू निम्नलिखित रहेका छन् :

#### २.२.६.१ पाठ्यसामग्रीको छनोट

पठनबोध क्षमताको विकासका लागि पाठ्यसामग्री महत्त्वपूर्ण र प्रभावकारी हुन्छ । अतः उपयुक्त पाठ्यसामग्रीको चयन गर्ने काम नै छनोट हो । दृष्टांश र अदृष्टांश पाठ्यसामग्रीलाई पठनबोध क्षमता जाँच्नका लागि उपयोग गरिन्छ । यी सामग्रीहरू विद्यार्थीको रुचि, क्षमता, चाहना, आवश्यकता र स्तरअनुकूल हुनुपर्दछ । अन्यथा विद्यार्थीहरूको पठनबोध क्षमताको उचित विकास हुन सक्दैन । दृष्टांश सामग्रीको छनोट गर्दा सम्बन्धित तह वा कक्षाका पाठ्यक्रमबाट अथवा यसभन्दा अगाडि अध्ययन भइसकेका पाठ्यपुस्तकबाट तयार गरिन्छ ।

#### २.२.६.२ विद्यार्थीको शारीरिक, मानसिक एवम् संवेगात्मक अवस्था

पठनबोध क्षमता सन्तोषजनक हुनका लागि विद्यार्थीको शारीरिक, मानसिक एवम् संवेगात्मक रूपमा स्वस्थ हुनुपर्दछ । कुनै पनि विषयवस्तु पढेर सार कुरा ग्रहण गर्नका लागि शारीरिक मानसिक एवम् संवेगात्मक अवस्था स्वस्थ हुनुपर्दछ । अन्धा, अपाङ्ग बहिरा एवम् मानसिक रूपमा असन्तुलन भएका मान्छेबाट सही प्रकारले बोध गर्न सम्भव हुँदैन । तसर्थ पठनबोध क्षमताको विकासका लागि विद्यार्थीहरू शारीरिक, मानसिक एवम् संवेगात्मक रूपमा स्वस्थ तथा सन्तुलित हुन आवश्यक देखिन्छ ।

### २.२.६.३ वातावरण

पठनबोध क्षमताको विकासमा प्रभाव पार्ने प्रमुख तत्त्वको रूपमा वातावरणाई लिन सकिन्छ । विद्यार्थीहरूले शान्त, खुल्ला एवम् स्वच्छ वातावरणमा रहेर जति बढी मात्रामा पढेका कुरा बोध गर्न र सम्झन सक्छन् त्यति कोलाहल र तनावपूर्ण वातावरणमा सक्दैन । पठनबोधका लागि मौनपठन गरिने भएकाले पनि शान्त वातावरणको आवश्यकता पर्दछ ।

### २.२.६.४ अभ्यास

विद्यार्थीहरूको पठनबोध क्षमताको विकासमा प्रभाव पार्ने प्रमुख तत्त्व अभ्यास पनि हो । पठनबोध एक प्रकारको सीप भएकाले यसलाई जति बढी मात्रामा अभ्यास गरिन्छ त्यति नै बढी मात्रामा सीप परिष्कार र परिमार्जन हुँदै जान्छ । अभ्यासलाई जति कम गर्दै लग्यो त्यति नै पठनबोध क्षमतामा पनि कमजोरीपना देखापर्दछ । सीपलाई अभ्यास गर्न छाड्यो भने कुण्ठित र सीमित हुँदै गई अन्ततः हराएरपनि जान सक्छ । पठनबोध क्षमताको विकास गर्न पढाइलाई जति अभ्यास गरी उपयोगमा ल्याउन सक्यो, उति नै मात्रामा बलियो र प्रबल हुँदै जान्छ । पठनबोध विकासका लागि विद्यार्थीलाई जति बढी मात्रामा भाषिक, साहित्यिक, पत्रपत्रिका लगायत अन्य सन्दर्भसामग्रीहरूमा निरन्तर अभ्यास गराउँदै लैजान सकिन्छ, यति नै बढी मात्रामा उनीहरूको पढाइप्रति अभिरुचि बढ्न जान्छ । पठनबोध क्षमताको विकासका लागि उपयुक्त हुने किसिमका अनुच्छेद, पाठ्यांश र पाठहरूको चयन गरी पाठ्य सामग्रीका रूपमा निर्धारण गर्नुपर्दछ । विद्यार्थीको स्तरअनुसार एकैपटक लामालामा अनुच्छेदको सट्टामा स-साना र सजिला अनुच्छेदबाट अभ्यास गराउनु पर्दछ । प्रारम्भिक अभ्यासका लागि घटनामूलक पाठ्यांशको उपयोग गराउँदै क्रमशः गहन विषयवस्तुको उपयोग गराउनुपर्दछ । अतः पठनबोध क्षमता विकासका लागि अभ्यासले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने हुँदा पढाइमा अभ्यास गर्ने बानीको विकास गर्न आवश्यक हुन्छ ।

### २.२.६.५ अभिरुचि

पठनबोध क्षमताको विकासमा अभिरुचिले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । पढाइप्रति अभिरुचि नलिने विद्यार्थीहरूको बोध क्षमतामा अभिरुचि लिने विद्यार्थीको तुलनामा न्यून रहेको हुन्छ । विद्यार्थीहरू आफैँले उत्सुक भएर बोध गर्नु र जबर्जस्ती पढ्न लगाई बोध गराउनका धेरै अन्तर रहन्छ । विद्यार्थीहरूको अभिरुचि अनुसार नै विद्यार्थीहरूको पठनबोध क्षमताको निर्धारण हुन्छ ।

### २.२.७ **निष्कर्ष**

यस अध्यायमा पूर्वकार्यको समीक्षा र अवधारणात्मक ढाँचा रहेको छ । यसपछि पूर्वकार्यको समीक्षाअन्तर्गत पुस्तक समीक्षा र शोध समीक्षालाई छुट्टाछुट्टै अध्ययन गरिएको छ । यस अन्तर्गत पुस्तकसम्बन्धी समीक्षामा विभिन्न पुस्तकहरूको अध्ययनमा पठनबोधको परिचय, पठनबोधका कार्यकलाप, पठनबोध शिक्षणको महत्त्व र आवश्यकता आदिको उल्लेख गरिएको छ भने बोध प्रक्रिया र अभ्यास जस्ता पक्षको सामान्य रूपमा उल्लेख गरिएको पाइन्छ । यसका साथै पठनबोध सम्बन्धी आधारभूत कुरा दिई पठनबोध क्षमताको कमी भएको खण्डमा बोध क्षमता प्रभावकारी नहुने कुरा उल्लेख गरिएको छ । पुस्तकसम्बन्धी पूर्वकार्यको समीक्षाले अध्ययनसँग सम्बन्धित सैद्धान्तिक अवधारणा निर्माण र विश्लेषणको आधार तयार गर्नमा सहयोग पुऱ्याएको छ । यस क्रममा शोधसम्बन्धी पूर्वकार्यको समीक्षाअन्तर्गत विभिन्न शीर्षकमा फरक फरक कक्षाका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन गरिएको कुरा समीक्षामा गरिएको छ । उक्त शोध समीक्षामा लैङ्गिकता, विद्यालय प्रकृति, भाषिक पृष्ठभूमि र स्थानीयताका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको पहिचान गर्न दृष्टांश र अदृष्टांश अनुच्छेद तयार गरी कठिनाइ क्षेत्र पहिचान गरी तिनको निराकरणको लागि आवश्यक उपाय पहिल्याउने उद्देश्य राखिएको पाइन्छ । पठनबोध क्षमताकै अध्ययनमा केन्द्रित उक्त पूर्वकार्यहरूले शोध अधययनको समीक्षाबाट शोधकार्यको प्रायोगिक र सैद्धान्तिक पक्षमा सहयोग लिइएको छ । त्यसैगरी अवधारणात्मक ढाँचाअन्तर्गत पठनबोधको परिचय तथा प्रकार, पठनबोध शिक्षणका कार्यकलाप, पठनबोधका तह, पठनबोधका चरणहरू, पठनबोध शिक्षणको महत्त्व, पठनबोधमा प्रभाव पार्ने तत्त्वहरूलाई समावेश गरिएको छ । यसरी अवधारणात्मक ढाँचा तयार पारी त्यसैलाई आधार मानेर विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक विश्लेषण गरी खाका तयार पारिएको छ ।

# अध्याय तीन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययन विधि र प्रक्रिया

कुनै पनि अनुसन्धान कार्यलाई व्यवस्थित तरिकाले अध्ययन विश्लेषण गर्नका लागि मापदण्ड चाहिन्छ । निर्धारित प्रविधि, मापदण्ड र सिद्धान्तको आधारमा अध्ययन कार्यलाई अगाडि बढाउँदा अध्ययन व्यवस्थित र प्रभावकारी हुन्छ । शोधकार्यलाई निश्चित गन्तव्यमा डोऱ्याउनका लागि स्पष्ट अध्ययनको आवश्यकता पर्ने हुनाले अध्ययन विधि सबैभन्दा महत्त्वपूर्ण हुन्छ । अनुसन्धान खास विधिको उपयोग विना पूर्ण नहुने हुँदा अनुसन्धान कसरी सम्पन्न गरिएको छ भन्ने कुरा स्पष्ट पार्नु आवश्यक छ । अध्ययन अनुसन्धान कार्य एउटा जटिल प्रक्रिया हो । कुनै पनि अनुसन्धानात्मक कार्यलाई प्रभावकारी र उपलब्धिमूलक बनाउनका लागि खास पद्धतिको अवलम्बन गर्नुपर्ने हुन्छ । यस अध्ययनका क्रममा यस प्रकारका विधि एवम् प्रक्रियालाई अवलम्बन गरिएको छ । प्रस्तुत अधययन विद्यार्थीहरूसँग सम्बन्धित भएकाले उनीहरूलाई नै केन्द्रविन्दु मानी मूलतः सर्वेक्षण विधिलाई आधार बनाई अध्ययनलाई अगाडि बढाइएको छ । यस अध्ययनमा प्रयोग गरिएको विधि तथा प्रक्रियालाई बढी वस्तुगत बनाउन क्रमशः जनसङ्ख्या पहिचान, तथ्याङ्क सङ्कलनका लागि सामग्री निर्माण, परीक्षणको कार्यान्वयन, सङ्कलित तथ्याङ्कको व्याख्या विश्लेषण र प्रस्तुतीकरण जस्ता प्रक्रिया अवलम्बन गरी पाँचथर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन शीर्षकमा यस अध्ययनलाई अगाडि बढाइएको छ ।

## ३.२ जनसङ्ख्याको पहिचान

कुनै पनि कार्य गर्नु अघि जनसङ्ख्याको आँकडा थाहा पाई सोहीअनुसार अगाडि बढेमा मात्र अनुसन्धान प्रभावकारी हुन्छ । सोही अनुसार यस पाँचथर जिल्लाको कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिएको छ । जुन सामुदायिक विद्यालयहरूबाट श्री भगवती माध्यमिक विद्यालय, श्री शक्तिका आधारभूत विद्यालय, श्री सिंहदेवी आधारभूत विद्यालय, श्री जनज्योति आधारभूत विद्यालयलाई लिइएको छ भने संस्थागत विद्यालयतर्फबाट श्री जनज्योति आवासीय अंग्रेजी माध्यमिक विद्यालय, माउण्ट कञ्चन भ्याली अंग्रेजी बोर्डिङ स्कुल, श्री नभ ज्योति बोर्डिङ स्कुल, होली चाईल्ड सेकेन्डरी इंगलिस स्कुल रहेका विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा पहिचान गरिएको छ ।

## ३.३ प्रतिनिधि नमुना

प्रस्तुत अध्ययन पाँचथर जिल्लाका ४/४ सामुदायिक र संस्थागत गरी जम्मा आठ विद्यालयबाट १०/१० जना गरी जम्मा ८० जना विद्यार्थीहरूलाई छनोट गरिएको छ । जसमा ४० जना छात्रा र ४० छात्र रहेका छन् । कुनै पनि शोध अध्ययनका क्रममा सम्पूर्ण विद्यार्थीहरूलाई लिन समय तथा अन्य पक्षले नभ्याउने हुँदा सीमित जनसङ्ख्याको प्रतिनिधि नमुना लिइएको हुन्छ । यी माथि दिइएको विद्यार्थी सङ्ख्यालाई जनसङ्ख्याको प्रतिनिधि नमुना बनाई व्याख्या विश्लेषण गरेको छ ।

## ३.४ सामग्री निर्माण

कुनै पनि अध्ययन कार्य सम्पन्न गर्नका लागि प्रथमतः विषयअनुसार सामग्री जुटाउनुपर्ने हुन्छ । सामग्री दृष्टांश र अदृष्टांश दुई किसिमबाट गरिएको छ । दृष्टांश पठनबोधमा कक्षा आठको नेपाली किताबबाट साहित्यकार रवीन्द्रनाथ ठाकुर शीर्षकको जीवनी छनोट गरिएको छ । अर्को पाटो अदृष्टांश गद्यांशमा भदौ, महिनाको कोपिला बालपत्रिकामा प्रकाशित 'सुनको मृग' कथाबाट छनोट गरिएको छ । जुन दुबै गद्यांशबाट बोध प्रश्नहरू, खाली ठाउँ, बहुवैकल्पिक प्रश्न र ठिक प्रश्नहरू समावेश गरिएको छ ।

## ३.५ पूर्व परीक्षण

दृष्टांश र अदृष्टांश गद्यांशबाट प्रश्नहरू उपयुक्त कठिनाइ स्तरका छन् कि छैनन् भनेर कुनै एउटा विद्यालयको कक्षा आठमा अध्ययनरत दशजना छात्र र दशजना छात्रालाई निश्चित समयका आधारमा पूर्व परीक्षण गरिएको छ । पूर्व परीक्षणपछि उनीहरूको प्राप्ताङ्कलाई उत्तरकुञ्जिकाका आधारमा प्रश्नपत्रको विश्लेषण गरिएको छ । उक्त विश्लेषणबाट देखिएका कठिन एवम् सरल प्रश्नहरूको सन्तुलन मिलाई सम्पादन तथा परिमार्जन गरी अन्तिम रूप दिइएको छ ।

## ३.६ सामग्रीको मानकीकरण

प्रस्तुत शोधकार्यमा सामग्रीहरू दृष्टांश र अदृष्टांश गरी दुई किसिमका गद्यांशबाट छनोट गरिएको छ । ती गद्यांशलाई शोधनिर्देशक, विषय विशेषज्ञ, सम्बन्धित विद्यालयका प्रधानाधयापक र विषय शिक्षकलाई देखाई आवश्यकताअनुसार एकएक गद्यांशबाट प्रश्नहरू निर्माण गरिएको छ ।

## ३.७ परीक्षणको कार्यान्वयन

प्रस्तुत शोधकार्यका लागि परीक्षणीय सामग्रीलाई अन्तिम रूप प्रदान गरिसकेपश्चात् सम्बन्धित प्रधानाध्यापक एवम् विषय शिक्षकहरूसँग सम्पर्क गरी विद्यार्थीहरूमा परीक्षण गर्नका लागि समय उपलब्ध गराइदिन अनुरोध गरिएको छ । त्यसपछि विद्यार्थीहरूलाई स्वतन्त्र रूपमा आफ्नो पठनबोध क्षमताको प्रस्तुतिका लागि सहज वातावरण उपलब्ध गराइएको छ । परीक्षा सञ्चालन हुनुपूर्व नै परीक्षा सञ्चालनको क्रममा उनीहरूले पालना गर्नुपर्ने नियमहरूका बारेमा  जानकारी गराइएको छ । त्यसपछि परीक्षाको निश्चित समयावधि तोकिएको छ । परीक्षार्थीलाई सहज र सुलभ होस् भन्ने उद्देश्यले प्रश्नपत्रमा नै उत्तर लेख्न मिल्ने व्यवस्था मिलाई निर्धारित समयपछि उत्तरपुस्तिका सङ्कलन गरिएको छ ।

## ३.८ तथ्याङ्क सङ्कलन

परीक्षा सम्पन्न भएपश्चात् विद्यार्थीहरूले दिएका उत्तरपुस्तिकाको परीक्षण गरी त्यसबाट प्राप्त अङ्कलाई नै यस अध्ययनको तथ्य मानिएको छ । उत्तरपुस्तिकामा दृष्टांशतर्फको प्रत्येक सङ्क्षिप्त प्रश्नको उत्तरका लागि २ अङ्कका दरले पाँच प्रश्नको १० अङ्क, वहुवैकल्पिक प्रश्नहरूका एकसही उत्तरका लागि १ अङ्कका दरले ५ अङ्क, शब्दको सही अर्थका लागि १ अङ्कका दरले ५ प्रश्नको ५ अङ्क, ठीक बेठीक प्रश्नहरुको एक सही उत्तरका लागि १ अङ्कका दरले ५ अङ्क गरी जम्मा २५ पूर्णाङ्क र अदृष्टांशको पनि त्यसरी नै सङ्क्षिप्त प्रश्नको उत्तरका लागि २ अङ्कका दरले ५ प्रश्नको १० अङ्क, वहुवैकल्पिक प्रश्नहरूका एक सही उत्तरका लागि १ अङ्कका दरले ५ अङ्क, ठिक बेठिक छुट्याउने प्रश्नका सही उत्तरका लागि १ अङ्कका दरले ५ अङ्क, मिल्ने शब्द छानी खाली ठाउँ भर्ने प्रश्नको सही उत्तरका लागि १ अङ्कका दरले ५ प्रश्नको ५ अङ्क गरी जम्मा २५ पूर्णाङ्क र दृष्टांशको पनि त्यसरी नै २५ पूर्णाङ्क गरी जम्मा ५० पूर्णाङ्कको उत्तरपुस्तिका परीक्षण गरिएको छ । तथ्य सङ्कलन गरिसकेपछि उत्तरकुञ्जिकाका आधारमा प्राप्ताङ्कलाई समग्रता, लैङ्गिकता विद्यालयको प्रकृति जस्ता समूहहरूमा वर्गीकरण गरी छुट्टाछुट्टै रूपमा राखिएको छ । अध्ययन विधि र प्रक्रियाका आधारमा तथ्याङ्क सङ्कलन यसरी गरियो ।

## ३.९ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

तथ्याङ्क सङ्कलन पश्चात् विश्लेषण गर्नु नितान्त जरुरी कुरा हो । उक्त तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण गर्नु अनिवार्य हुन्छ । तथ्याङ्क विश्लेषणका क्रममा पूर्ण विद्यार्थीहरूको प्रतिशताङ्क गणना गरी त्यसैका आधारमा सम्पूर्ण विद्यार्थीहरूको मध्यमानभन्दा माथि र कति प्रतिशत तल रहेका छन् । समग्र आधारलाई मध्यनजर गर्दै विद्यार्थीहरूको प्राप्ताङ्कमा के कति भिन्नता छ भनेर जान्नका लागि मानक विचलन निकालिएको छ ।

यस अनुसन्धानमा ल्याइएका साङ्ख्यिकीय सूत्रहरू निम्नानुसार छन् :

(क) **प्रतिशत**

$$P = \frac{R}{T} \times 100$$

P = प्रतिशत

R = विद्यार्थीहरूले प्राप्त गरेको अङ्क

T = जम्मा विद्यार्थी सङ्ख्या

(ख) मध्यमान

$$\overline{X} = \frac{\Sigma Fx}{N}$$

$\overline{X}$ = मध्यमान

$\Sigma$ = जोड/योगफल

F = आवृत्ति/विद्यार्थी आवृत्ति

X = चल

m = मध्यविन्दु

(ग) मानक विचलन

$$\sigma = \sqrt{\frac{\Sigma x^2}{N}}$$

s = मानक विचलन

$\Sigma x^2$ = प्राप्ताङ्कको कुल योगको वर्ण

N = जम्मा सङ्ख्या

# अध्याय चार

## समग्रताका आधारमा पठनबोध क्षमता

प्रस्तुत अध्ययनबाट पाँचथर जिल्लामा पठनपाठन गर्ने कक्षा आठका विद्यार्थीहरूको पठनबोध क्षमता पहिल्याउने उद्देश्य राखिएको छ । उक्त उद्देश्य पूर्तिका लागि विभिन्न अनुसन्धान विधिको प्रयोग गरिएको छ । जसको लागि पाँचथर जिल्लामा रहेका विभिन्न ८ वटा विद्यालयबाट ८० जना विद्यार्थीहरूलाई आधार मानी आवश्यक तथ्याङ्क सङ्कलन कार्य गरिएको छ । उक्त तथ्याङ्कलाई विभिन्न तथ्याङ्कशास्त्रीय विधिको प्रयोग कार्य सम्पन्न गरिएको छ । जसको विस्तृत विवरण निम्नानुसार रहेको छ :

### ४.१ समग्र विद्यार्थीको पठनबोध क्षमताको स्थिति

समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन विश्लेषण गर्ने क्रममा छनोट गरिएका ८० जना विद्यार्थीलाई आधार मानी तथ्याङ्क सङ्कलन गरिएको छ । समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको तथ्याङ्कलाई यसप्रकार उल्लेख गरी विश्लेषण गरिएको छ ।

#### ४.१.१ प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति

तालिका नं. १

प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति

| कुल विद्यार्थी सङ्ख्या | २५ भन्दा कम | | २५ देखि ५० सम्म | | ५० देखि ७५ सम्म | | ७५ भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ८० | ० | ० | ११ | १३.७५ | ४६ | ५७.५ | २३ | २८.७५ |

उपर्युक्त तालिकाअनुसार समग्र पठनबोध क्षमता प्रतिशतमा गणना गर्दा नमुना छनोट गरिएका कुल ८० जना विद्यार्थी सङ्ख्यामध्ये २५ प्रतिशतभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ० रहेको देखिन्छ । २५ प्रतिशतभन्दा बढी र ५० प्रतिशतभन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ११ जना अर्थात् १३.७५ प्रतिशत देखिन्छ। ५० भन्दा


बढी र ७५ भन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४६ जना अर्थात् ५७.५ प्रतिशत रहेको देखिन्छ । ७५ प्रतिशतभन्दा बढी प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या २३ जना अर्थात् २८.७५ प्रतिशत देखिन्छ ।

माथिको तालिकाको अध्ययन गर्दा ५० भन्दा बढी ७५ भन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४६ जना अर्थात् ५७.५ प्रतिशत रहेको, ७५ भन्दा बढी प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या २३ जना अर्थात् २८.७५ प्रतिशत रहेको र २५ भन्दा बढी ५० भन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ११ जना अर्थात् १३.७५ प्रतिशत रहेको देखिन्छ र २५ भन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या भने नरहेको देखिन्छ ।

यसरी तालिकामा ५० प्रतिशतभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६९ जना अर्थात् ८६ प्रतिशत र ५० प्रतिशतभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ११ जना अर्थात् १३.७५ प्रतिशत रहेको देखिन्छ । ५० प्रतिशतभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थी ६९ जना अर्थात् ८६ प्रतिशत भएको हुँदा यस परिणामअनुसार समग्र विद्यार्थीहरूको पठनबोध क्षमता सन्तोषजनक रहेको पाइन्छ । जसलाई तलको स्तम्भ चिमा देखाउन सकिन्छ ।

**स्तम्भ चित्र नं. १**

**समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति**



स्तम्भ चित्र नं. १ मा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थितिलाई देखाइएको छ । ० देखि २५ प्रतिशत ल्याउने विद्यार्थीहरूको सङ्ख्या शून्य रहेको, २५ देखि ५० प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १४ जना, ५० देखि ७५ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ५७ जना छन् भने ७५ देखि १०० प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या २९ जना रहेको तथ्य स्तम्भ चित्रले देखाउँछ । यस आधारमा हेर्दा समग्र विद्यार्थीहरूको पठनबोध क्षमता सन्तोषजनक रहेको पाइन्छ ।

### ४.१.२ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन

पाँचथर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको पनठबोध क्षमताको अध्ययनलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. २

**मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूका पठनबोध क्षमताको अध्ययन**


| कुल सङ्ख्या | समग्र मध्यमान | समग्र मानक विचलन | मध्यमान भन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ८० | ६६.२५ | ११.३२ | ५१ | ६३.७५ | २९ | ३६.२५ |

उपर्युक्त तालिका अनुसार प्रतिनिध नमुना छनोटमा समेटिएका ८० जना विद्यार्थीहरूको समग्र मध्यमान ६६.२५ रहेको छ भने मानक विचलन ११.३२ रहेको देखिन्छ । समग्र मध्यमानलाई आधार मानी मध्यमान भन्दा तल र माथि दुई समूहका वर्गीकरण गरेर हेर्दा समग्र विद्यार्थीहरू मध्ये ३६.२५ प्रतिशत मध्यमान भन्दा तल र ६३.७५ विद्यार्थीहरू मध्यमानभन्दा माथि रहेको देखिन्छ । माथिको तथ्याङ्क अनुसार मध्यमान भन्दा तल र माथिको अन्तर २७ प्रतिशत रहेको देखिन्छ । यसरी मानक विचलनका आधारमा ११.३२ देखिनुले विद्यार्थीहरूको पठनबोध क्षमता सन्तोषजनक नै देखिन्छ । मध्यमान भन्दा तल ३६.२५ प्रतिशत र मध्यमान भन्दा माथि ६३.७५ प्रतिशत रहेकाले विद्यार्थीहरूको

पठनबोध क्षमता सन्तोषजनक रहेको देखिन्छ । जसलाई तलको स्तम्भ चित्रमा देखाउन सकिन्छ ।

**स्तम्भ चित्र नं. २**

**मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन**




स्तम्भ चित्र नं. २ मा मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थितिलाई देखाइएको छ । समग्र विद्यार्थीहरूको मध्यमान ६६.२५ प्रतिशत रहेको छ भने मध्यमानभन्दा माथि ल्याउने विद्यार्थीहरूको सङ्ख्या ६४ प्रतिशत रहेको छ । मध्यमानभन्दा तल ल्याउने विद्यार्थीहरूको सङ्ख्या ३६ प्रतिशत रहेको तथ्य स्तम्भचित्रले देखाउँछ । यस आधारमा हेर्दा समग्र विद्यार्थीहरूको पठनबोध क्षमता सन्तोषजनक रहेको पाइन्छ ।

### ४.१.३ लैङ्गिकताका आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताअन्तर्गत लैङ्गिकताका आधारमा छात्र र छात्राहरूको छुट्टाछुट्टै व्याख्या विश्लेषण गरिएको छ ।

### ४.१.३.१ प्रतिशतका आधारमा छात्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति

प्रतिशतका आधारमा पाँचथर जिल्लाका कक्षा आठमा अध्ययनरत छात्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थितिलाई तलको तालिकाबाट स्पष्ट पारिएको छ ।

तालिका नं. ३

प्रतिशतका आधारमा छात्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति

| कुल विद्यार्थी सङ्ख्या | छात्र विद्यार्थी | २५ भन्दा कम | | २५ देखि ५० सम्म | | ५० देखि ७५ सम्म | | ७५ भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ८० | ४० | ० | ० | ५ | १२.५ | २६ | ६५ | ९ | २२.५ |


उपर्युक्त तालिकाअनुसार लैङ्गिकताका आधारमा समग्र छात्र विद्यार्थीहरूको पठनबोध क्षँमतालाई प्रतिशतका आधारमा गणना गर्दा नमुना छनोट गरिएका कुल ८० जना विद्यार्थी सङ्ख्यामा ४० जना छात्र रहेको देखिन्छ । २५ भन्दा बढी र ५० भन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५ जना अर्थात् १२.५ प्रतिशत देखिन्छ भने ५० भन्दा बढी ७५ भन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या २६ जना अर्थात् ६५ प्रतिशत देखिन्छ । ७५ भन्दा बढी प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ९ जना अर्थात् २२.५ प्रतिशत रहेको देखिन्छ ।

माथिको तालिका अध्ययन गर्दा २५ भन्दा बढी ५० भन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५ जना अर्थात् १२.५ प्रतिशत रहेको ५० भन्दा बढी ७५ भन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या २६ जना अर्थात् ६५ प्रतिशत देखिन्छ । ७५ भन्दा बढी प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ९ जना अर्थात् २२.५ प्रतिशत रहेको र २५ भन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या भने नरहेको देखिन्छ ।

यस तालिकामा ५० भन्दा बढी प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३५ अर्थात् ८७.५ प्रतिशत र ५० भन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५ जना अर्थात् १२.५ प्रतिशत भएको हुँदा यस परिणाम अनुसार विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो नै रहेको देखिन्५ ।

स्तम्भ चित्र नं. ३

प्रतिशतका आधारमा छात्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थिति




स्तम्भ चित्र नं. ३ मा प्रतिशतका आधारमा छात्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थितिलाई देखाइएको छ । ० देखि २५ प्रतिशत ल्याउने विद्यार्थीहरूको सङ्ख्या शून्य, २५ देखि ५० प्रतिशत ल्याउने विद्यार्थीहरूको सङ्ख्या १२ जना, ५० देखि ७५ प्रतिशत ल्याउने विद्यार्थीहरूको सङ्ख्या ६५ जना र ७५ देखि १०० प्रतिशत ल्याउने विद्यार्थीहरूको सङ्ख्या २३ जना रहेको तथ्य स्तम्भ चित्रले देखाउँछ । यस आधारमा हेर्दा प्रतिशतका आधारमा छात्र विद्यार्थीहरूको पठनबोध क्षमता स्तर राम्रो रहेको छ ।

**४.१.३.२ प्रतिशतका आधारमा छात्राहरूको पठनबोध क्षमता**

प्रतिशतका आधारमा पाँचथर जिल्लाका कक्षा आठमा अध्ययनरत छात्राहरूको पठनबोध क्षमताको स्थितिलाई तलको तालिकाबाट स्पष्ट पारिएको छ ।

तालिका नं. ४

प्रतिशतका आधारमा छात्राहरूको पठनबोध क्षमता


| कुल विद्यार्थी सङ्ख्या | छात्रा विद्यार्थी | २५ भन्दा कम | | २५ भन्दा बढी ५० भन्दा कम | | ५० भन्दा बढी ७५ भन्दा कम | | ७५ भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ८० | ४० | ० | ० | ७ | १७.५ | २० | ५० | १३ | ३२.५ |

उपयुक्त तालिका अनुसार लैङ्गिकताको आधारमा समग्र छात्राहरूको पठनबोध क्षमतालाई प्रतिशतका आधारमा गणना गर्दा नमुना छनोट गरिएको कुल ८० जना विद्यार्थी सङ्ख्या मध्ये ४० जना छात्रा रहेको देखिन्छ । यसमा २५ प्रतिशतभन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ० देखिन्छ । २५ भन्दा बढी र ५० भन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या १३ जना अर्थात् ३२.५ प्रतिशत रहेको देखिन्छ ।

माथिको तालिका अध्ययन गर्दा ५० भन्दा बढी प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३३ जना अर्थात् ८२.५ प्रतिशत र ५० भन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ७ अर्थात् १७.५ प्रतिशत भएको हुँदा यस परिणाम अनुसार छात्राहरूको पठनबोध क्षमता राम्रो रहेको देखिन्छ ।

स्तम्भ चित्र ४

प्रतिशतका आधारमा छात्राहरूको पठनबोध क्षमता




स्तम्भचित्र नं. ४ मा प्रतिशतका आधारमा छात्राहरूको पठनबोध क्षमताको स्थितिलाई देखाइएको छ जसमा ० देखि २५ प्रतिशत ल्याउने विद्यार्थीहरूको सङ्ख्या शून्य, २५ देखि ५० प्रतिशत ल्याउने विद्यार्थीहरूको सङ्ख्या १७ जना, ५० देखि ७५ प्रतिशत अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ५० जना र ७५ देखि १०० प्रतिशत अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ३३ जना रहेको तथ्य स्तम्भ चित्रले देखाउँछ । यस आधारमा हेर्दा प्रतिशतका आधारमा छात्राहरूको पठनबोध क्षमता उत्तम रहेको पाइन्छ ।

### ४.१.३.३ लैङ्गिकताका आधारमा पठनबोध क्षमताको तुलनात्मक अध्ययन

पाँचथर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिकताका आधारमा तपसिल अनुसारको तालिकामा तुलनात्मक रूपले देखाई विश्लेषण गरिएको छ :

तालिका नं. ५

## लैङ्गिकताका आधारमा पठनबोध क्षमताको तुलनात्मक अध्ययन

| कुल विद्यार्थी सङ्ख्या | ०-२५ | | २५-५० | | ५०-७५ | | ७५-१०० | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्र (४०) | ० | ० | ५ | १२.५ | २६ | ६५ | ९ | २२.५ |
| छात्रा (४०) | ० | ० | ७ | १७.५ | २० | ५० | १२ | ३२.५ |

माथिको तालिकामा ४० जना छात्र र ४० जना छात्रातर्फको विद्यार्थीहरूको पठनबोध क्षमतालाई तुलनात्मक रूपले अध्ययन गर्दा २५ प्रतिशत भन्दा कम अङ्क ल्याउने कोही पनि नभएका वा ० प्रतिशत रहेको २५ प्रतिशतदेखि ५० प्रतिशतसम्म अङ्क ल्याउने ५ जना र १२.५ प्रतिशत, ५० प्रतिशतदेखि ७५ प्रतिशतसम्म अङ्क ल्याउने २६ जना र ६५ प्रतिशत र ७५ देखि माथि ल्याउने ९ जना अर्थात् २२.५ प्रतिशत रहेको पाइन्छ ।

छात्रको तुलनामा छात्रातर्फ २५ प्रतिशत भन्दा कम अङ्क ल्याउने कोही पनि नभएको २५ प्रतिशतदेखि ५० प्रतिशतसम्म अङ्क ल्याउने ७ जना अर्थात १७.५ प्रतिशत, ५० देखि ७५ प्रतिशतसम्म अङ्क ल्याउने २० जना अर्थात् ५० प्रतिशत र ७५ प्रतिशतदेखि माथि अङ्क ल्याउने १२ जना अर्थात् ३२.५ प्रतिशत रहेको पाइन्छ ।

## लैङ्गिकताका आधारमा पठनबोध क्षमताको तुलनात्मक अध्ययन

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन |
|---|---|---|---|---|---|
| छात्र | ४० | ६५ | ६६.२५ | १४.९८ | ११.३२ |
| छात्रा | ४० | ६६.२५ | | ११.१५ | |

उपर्यक्त तालिकालाई लैङ्गिक दृष्टिले हेर्दा कुल विद्यार्थी सङ्ख्या ८० मध्ये ४० जना छात्र र ४० जना छात्रा रहेको पाइयो । छात्र-छात्रा दुवै समूहको समग्र मध्यमान ६६.२५ छ भने छात्रतर्फको विद्यार्थीहरूको पठनबोध क्षमताको मध्यमान ६५ छ छात्रा तर्फको पठनबोध क्षमताको मध्यमान ६६.२५ रहेको देखिन्छ । त्यसै गरी समग्र मानक विचलन ११.३२ छ भने समूहगत रूपमा हेर्दा छात्रहरूको मानक चिवलन १४.९८ र छात्राहरूको मानक विचलन १५.४८ रहेको देखियो ।


समग्र मध्यमान ६६.२५ लाई आधार मानेर हेर्दा छात्रा विद्यार्थीहरूको तुलनामा छात्रा विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो रहेको देखिन्छ । समग्र मध्यमान र छात्राहरूको मधयमानबिच समान्ता देखिनुले उक्त कुराको प्रमाणित हुन्छ। त्यसै गरी छात्र विद्यार्थीहरूको पठनबोध क्षमताको स्थितिलाई समग्र मध्यमानका आधारमा तुलनात्मक विश्लेषण गर्दा १.२५ ले कमी देखिएकाले छात्रहरूको पठनबोध क्षमता छात्राको तुलनामा केही कमजोर। रहेको देखियो ।

माथिको तालिकामा मानक विचलनलाई हेर्दा समग्र मानक विचलन ११.३२ रहेको छ । छात्रको मानक चिवलन १४.९८ र छात्राको मानक विचलन ११.१५ रहेको पाइयो । यसरी समग्र मानक विचलनभन्दा छात्रको मानक विचलन ३.६६ ले बढी देखिनु तथा छात्राको मानक विचलन ४.१६ ले बढी देखिनुले छात्रा विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो रहेको देखियो ।

समग्रमा छात्रको तुलनामा छात्रा विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको पाइन्छ। जसलाई तलको स्तम्भ देखाउन सकिनछ :

**स्तम्भ चित्र नं. ५**

**लैङ्गिकताका आधारमा पठनबोध क्षमताको तुलनात्मक अध्ययन**



स्तम्भ चित्र नं. ५ मा लैङ्गिकताका आधारमा पठनबोध क्षमताको तुलनात्मक अध्ययनको स्थितिलाई देखाइएको छ । ० देखि २५ प्रतिशत ल्याउने छात्र र छात्रा विद्यार्थीहरूको सङ्ख्या शून्य रहेको, २५ देखि ५० प्रतिशत अङ्क ल्याउने छात्र विद्यार्थी सङ्ख्या १५ जना र छात्रा विद्यार्थी सङ्ख्या १७ जना, ५० देखि ७५ प्रतिशत अङ्क ल्याउने छात्र विद्यार्थी सङ्ख्या ७५ जना र छात्रा विद्यार्थी सङ्ख्या ५० जना रहेका छन् भने ७५ देखि १०० प्रतिशत अङ्क ल्याउने छात्र २३ जना र छात्रा ३३ जना रहेको तथ्य स्तम्भ चित्रले देखाउँछ । लैङ्गिकताका आधारमा पठनबोध क्षमताको तुलनात्मक अध्ययनको स्थितिलाई हेर्दा छात्रको तुलनामा छात्रा विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको पाइन्छ ।

### ४.१.४ विद्यालय प्रकृतिका आधारमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमता

प्रस्तुत अध्ययनमा समग्र विद्यार्थीहरूको पठनबोध क्षमताअन्तर्गत विद्यालय प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको छुट्टाछुट्टै व्याख्या विश्लेषण गरिएको छ ।

#### ४.१.४.१ प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता

प्रतिशतका आधारमा पाँचथर जिल्लाका संस्थागत विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको स्थितिलाई तलको तालिकाबाट स्पष्ट पारिएको छ ।

तालिका नं. ६

प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता

| कुल विद्यार्थी सङ्ख्या | संस्थागत विद्यालयका विद्यार्थी | २५ भन्दा कम | | २५ भन्दा बढी ५० भन्दा कम | | ५० भन्दा बढी ७५ भन्दा कम | | ७५ भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ८० | ४० | ० | ० | ७ | १२.५ | २४ | ६० | ११ | २७.५ |

उपयुक्त तालिका अनुसार विद्यालयको प्रकृतिका आधारमा संस्थागत विद्यालयका समग्र विद्यार्थीहरूको पठनबोध क्षमतालाई प्रतिशतका आधारमा गणना गर्दा नमुना छनोट गरिएको कुल ८० जना विद्यार्थी सङ्ख्यामध्ये ४० जना संस्थागत विद्यालयका विद्यार्थीहरू


रहेको देखिन्छ । यसमा २५ प्राप्ताङ्क भन्दा कम ल्याउने विद्यार्थी सङ्ख्या ० देखिन्छ । २५ भन्दा बढी ५० भन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ५ जना अर्थात् १२.५ प्रतिशत देखिनछ । ५० भन्दा बढी ७५ भन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या २४ जना अर्थात ६० प्रतिशत रहेको देखिन्छ । ७५ भन्दा बढी प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ११ जना अर्थात् २७.५ प्रतिशत देखिन्छ ।

माथिको तालिका अध्ययन गर्दा ७५ भन्दा बढी प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ११ जना अर्थात् २७.५ प्रतिशत रहेको २५ भन्दा बढी ५० भन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५ जना अर्थात् १२.५ प्रतिशत रहेको ५० भन्दा बढी ७५ भन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या २४ जना अर्थात् ६० प्रतिशत रहेको र २५ भन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या भने नरहेको देखिन्छ ।

यस तालिकामा ५० भन्दा बढी प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३५ जना अर्थात् ८७.५ प्रतिशत र ५० भन्दा कम प्राप्ताङ्क ल्याउने ५ जना अर्थात् १२.५ प्रतिशत भएको हुँदा यस परिणाम अनुसार संस्थागत विद्यालयको विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो रहेको देखिन्छ ।

**स्तम्भचित्र ६**

**प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमतान**



स्तम्भ चित्र नं. ६ मा प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको स्थितिलाई देखाइएको छ । ० देखि २५ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या शून्य रहेको, २५ देखि ५० प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १२ जना, ५० देखि ७५ प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६० जना, ७५ देखि १०० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २८ जना रहेको तथ्य स्तम्भ चित्रले देखाउँछ । संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो रहेको छ ।

### ४.१.४.२ प्रतिशतका आधारमा सामुदायिक विद्यालयको विद्यार्थीहरूको पठनबोध क्षमता

प्रतिशतका आधारमा पाँचथर जिल्लाका सामुदायिक विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको स्थितिलाई तलको तालिकाबाट स्पष्ट पारिएको छ ।

तालिका नं. ७

**प्रतिशतका आधारमा सामुदायिक विद्यालयको विद्यार्थीहरूको पठनबोध क्षमता**

| कुल विद्यार्थी सङ्ख्या | संस्थागत विद्यालयका विद्यार्थी | २५ भन्दा कम | | २५ भन्दा बढी ५० भन्दा कम | | ५० भन्दा बढी ७५ भन्दा कम | | ७५ भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ८० | ४० | ० | ० | ७ | १७.५ | २१ | ५२.५ | १२ | ३० |


उपयुक्त तालिका अनुसार विद्यालयको प्रवृतिका आधारमा सामुदायिक विद्यालयका समग्र विद्यार्थीहरूको पठनबोध क्षमतालाई प्रतिशतका आधारसमा गणना गर्दा नमुना छनोट गरिएका कुल ८० जना विद्यार्थी सङ्ख्यामध्ये ४० जना सामुदायिक विद्यालयका विद्यार्थीह रहेको देखिन्छ । यसमा २५ प्राप्ताङ्क भन्दा कम ल्याउने विद्यार्थी सङ्ख्या ० देखिन्छ । २५ भन्दा बढी ५० भन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ७ जना अर्थात १७.५ प्रतिशत देखिन्छ । ५० भन्दा बढी ७५ भन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या २१ जना अर्थात् ५२.५ प्रतिशत रहेको देखिन्छ ७५ भन्दा बढी प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या १२ जना अर्थात ३० प्रतिशत देखिन्छ ।

माथिको तालिकाको अध्ययन गर्दा २५ भन्दा बढी ५० भन्दा कम प्राप्ताङ्क ल्याने विद्यार्थी सङ्ख्या ७ जना अर्थात् १७.५ प्रतिशत रहेको, ५० भन्दा बढी ७५ भन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या २१ जना अर्थात् ५२.५ प्रतिशत रहेको ७५ भन्द बढी प्राप्ताङ्क ल्याउने विद्यार्थी १२ जना अर्थात ३० प्रतिशत रहेको र २५ भन्दा कम ल्याउने विद्यार्थी सङख्या भने नरहेको देखिन्छ ।

यस तालिकामा ५० जना बढी  प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३३ जना अर्थात् ८२.५ प्रतिशत र ५० भन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ७ जना अर्थात् १७.५ प्रतिशत भएको हुँदा यस परिणाम अनुसार संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो रहेको देखिन्छ ।

**स्तम्भचित्र ७**

**प्रतिशतका आधारमा सामुदायिक विद्यालयको विद्यार्थीहरूको पठनबोध क्षमता**




स्तम्भ चित्र नं. ७ मा सामुदायिक विद्यालयको विद्यार्थीहरूको पठनबोध क्षमताको स्थितिलाई देखाइएको छ । ० देखि २५ प्रतिशत ल्याउने विद्यार्थीसङ्ख्या शून्य रहेको, २५ देखि ५० प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १७ जना, ५० देखि ७५ प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५३ जना, ७५ देखि १०० प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ३०  जना रहेको

तथ्य स्तम्भ चित्रले देखाउँछ । सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको स्तर राम्रो रहेको छ ।

### ४.१.४.३ विद्यालयको प्रवृत्तिका आधारमा पठनबोध क्षमताको अध्ययन

पाँचथर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमतालाई विद्यालयको प्रकृतिका आधारमा तुलनात्मक रूपमा देखाई विश्लेषण गरिएको छ :

**तालिका नं. ८**

**विद्यालयको प्रकृतिका आधारमा पठनबोध क्षमतको तुलनात्मक अध्ययन**

| कुल विद्यार्थी सङ्ख्या | ०-२५ | | २५-५० | | ५०-७५ | | ७५-१०० | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक (४०) | ० | ० | ७ | १७.५ | २१ | ५२ | १२ | ३० |
| सामुदायिक (४०) | ० | ० | ५ | १२.५ | ३४ | ६० | ११ | २७.५ |

माथिको तालिकामा ४० जना सामुदायिक र ४० जना संस्थागत विद्यालयतर्फका विद्यार्थीहरूको पठनबोध क्षमतालाई तुलनात्मक रूपले अध्ययन गर्दा २५ प्रतिशतभन्दा कम ल्याउने विद्यार्थीहरू नरहेको, २५ प्रतिशतदेखि ५० प्रतिशतसम्म ल्याउने ७ जना अर्थात् १७.५ प्रतिशत ५० प्रतिशत देखि ७५ प्रतिशतसम्म ल्याउने २१ जना अर्थात् ५२ प्रतिशत र ७५ प्रतिशत देखि माथि ल्याउने १२ जना अर्थात् ३० प्रतिशत रहेको पाइन्छ ।

सामुदायिक विद्यालयको तुलनामा सस्थागत विद्यालयतर्फ २५ प्रतिशत भन्दा कम ल्याउने शुन्य प्रतिशत, २५ प्रतिशतदेखि ५० प्रतिशतदेखि ७५ प्रतिशतसम्म ल्याउने २४ जना अर्थात् ६० प्रतिशत र ७५ प्रतिशतदेखि माथि ल्याउने ११ जना अर्थात् २७.५ प्रतिशत रहेको पाइन्छ ।

**समग्र विद्यार्थीहरूको सामुदायिक र संस्थागत पठनबोध क्षमताको तुलना**


| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन |
|---|---|---|---|---|---|
| सामुदायिक | ४० | ६५.६२ | ६६.२५ | १५.४२ | ११.३२ |
| संस्थागत | ४० | ६६ | | ११.२० | |

माथिको तालिकामा विद्यार्थी सङ्ख्या ८० मध्ये ४० जना संस्थागत विद्यालय ४० जना सामुदायिक विद्यालयका विद्यार्थीहरू समावेश छन् उक्त दुवै समूहको समग्र मध्यमान ६६.२५ रहेको छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको मध्यमान ६५.६२ र संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको मध्यमान ६६ रहेको पाइयो यसै गरी सामुदायिक र संस्थागत दुवै समूहको मानक विचलन ११.३२ रहेको देखिन्छ। समूहगत मध्यमानलाई हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मध्यमान समग्र मध्यमान १ ले कम हरेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान समग्र मध्यमान भन्दा २५ ले बढी रहेकाले सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको पुष्टि हुन्छ । सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको मध्यमान ०.३८ ले बढी देखिनुले उक्त कुराको पुष्टि हुन्छ।

समग्रमा सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयतर्फका विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको पाइन्छ। जसलाई स्तम्भ चित्रमा देखाउन सकिन्छ।

**स्तम्भ चित्र नं. ८**

**विद्यालयको प्रकृतिका आधारमा पठनबोध क्षमतको तुलनात्मक अध्ययन**



स्तम्भ चित्र नं. ८ मा विद्यालय प्रकृतिका आधारमा पठनबोध क्षमताको तुलनात्मक अध्ययनको स्थितिलाई देखाइएको छ । ० देखि २५ प्रतिशत अङ्क ल्याउने संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या शून्य रहेको छ भने २५ देखि ५० प्रतिशत अङ्क ल्याउने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १३ जना र संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या १७ जना, ५० देखि ७५ प्रतिशत ल्याउने सामुदायिक विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ६० जना र संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ५९ जना, ७५ देखि १०० प्रतिशत अङ्क ल्याउने सामुदायिक विद्यालयका विद्यार्थी सङ्ख्या २८ जना र संस्थागत विद्यालयका विद्यार्थीहरूको सङ्ख्या ३० जना रहेको तथ्य स्तम्भ चित्रले देखाउँछ ।

विद्यालय प्रकृतिका आधारमा पठनबोध क्षमताको तुलनात्मक अध्ययनको स्थितिलाई हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता उच्च रहेको पाइन्छ ।

# अध्याय पाँच

# दृष्टांश र अदृष्टांश पठनबोध क्षमताको तुलनात्मक अध्ययन

## ५.१ समग्र विद्यार्थीहरूका दृष्टांश पठनबोध क्षमता

नमुना छनोटमा परेका विद्यार्थीरुको समग्र दृष्टांश पठनबोध क्षमताको स्थितिलाई तलका तालिकाबाट स्पष्ट पारिएको छ ।

### ५.१.१ प्रतिशतका आधारमा विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमता

तालिका ९

प्रतिशतका आधारमा विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमता

| कुल विद्यार्थी सङ्ख्या | २५ भन्दा कम | | २५ भन्दा बढी ५० भन्दा कम | | ५० भन्दा बढी ७५ भन्दा कम | | ७५ भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ८० | ० | ० | २० | २५ | ३९ | ४८.७५ | २१ | २६.२५ |


उपयुक्त तालिका अनुसार समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमतालाई प्रतिशतका आधारमा गणना गर्दा नमुना छनोट गरिएका कुल ८० जना विद्यार्थी सङ्ख्यामध्ये २५ प्राप्ताङ्क भन्दा कम ल्याउने विद्यार्थी सङ्ख्या ० देखिन्छ । २५ भन्दा बढी र ५० भन्दा कम प्राप्ताङ्क विद्यार्थीहरूको सङ्ख्या २० जना अर्थात २५ प्रतिशत देखिनछ । ५० भन्दा बढी र ७५ भन्दा कम प्राप्ताङ्क  ल्याउने विद्यार्थी सङ्ख्या ३९ जना अर्थात् ४८.७५ प्रतिशत रहेको देखिन्छ । ७५ भन्दा बढी प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या २१ जना अर्थात् २६.२५ प्रतिशत देखिन्छ ।

माथिको तालिकाको अध्ययन गर्दा ७५ भन्दा बढी प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या २१ जना अर्थात् २६.२५ प्रतिशत रहेको, ५० भन्दा बढी ७५ भन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३९ जना अर्थात् ४८.७५ र २५ भन्दा बढी ५० भन्दा कम प्राप्ताङ्क ल्याउने विदार्थी सङ्ख्या २० जना अर्थात् २५ प्रतिशत रहेको देखिन्छ र २५ भन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या भने नरहेको देखिन्छ ।

यसरी यस तालिकामा ५० भन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६० जना अर्थात् ७५ प्रतिशत र ५० भन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २० जना अर्थात् २५ प्रतिशत भएको हुँदा यस परिणाम अनुसार समग्रमा विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमता राम्ो रहेको देखिन्छ ।

### स्तम्भ चित्र ९

### प्रतिशतका आधारमा दृष्टांश पठनबोध क्षमता




स्तम्भ चित्र ९ मा दृष्टांश पठनबोध क्षमताको स्थितिलाई देखाइएको छ । ० देखि २५ प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या शून्य रहेको, २५ देखि ५० प्रतिशतसम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २५  जना, ५० देखि ७५ प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४८ जना र ७५ देखि १०० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २७ जना रहेको तथ्य स्तम्भ चित्रले देखाउँछ । विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमता राम्रो रहेको देखिन्छ ।

### ५.१.२ मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थिति

तालिका नं. १०


मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थिति

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ८० | ३१.४० | ९.३५ | ६० | ७५ | २० | २५ |

माथिको तालिकाअनुसार प्रतिनिधि नमुना छनोटमा समावेश गरिएका ८० जना विद्यार्थीहरूको समग्र दृष्टांश पठनबोध क्षमताको मध्यमान ३१.४० र मानक विचलन ९.३५ रहेको देखिन्छ । दृष्टांश पठनबोध क्षमताको मध्यमानलाई आधार मानेर हेर्दा मध्यमान भन्दा माथिको पठनबोध क्षमता ७५ प्रतिशत छ भने मध्यमान भन्दा तलको पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २५ प्रतिशत देखिनुले समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमता सन्तोषजनक नै रहेको देखिन्छ । मानक विचलनका आधारमा हेर्दा समग्र मानक विचलन ९.३५ रहेको विद्यार्थीहरूको पठनबोध क्षमतामा समग्रमा एकरूपता नै देखिन्छ । जसलाई तलको स्तम्भ चित्रमा देखाउन सकिन्छ ।

**स्तम्भ चित्र नं. १०**

**मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको अध्ययन**



स्तम्भ चित्र नं. १० मा मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थितिलाई देखाइएको छ । समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको मध्यमान ३१.४० प्रतिशत रहेको छ भने मध्यमानभन्दा माथिको अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ७५ प्रतिशत र मध्यमानभन्दा तलको अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या २५ प्रतिशत रहेको तथ्य स्तम्भ चित्रले देखाउँछ । समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमता सन्तोषजनक नै रहेको देखिन्छ ।

### ५.१.३ समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थिति

नमुना छनोटमा परेका विद्यार्थीहरूको समग्र अदृष्टांश पठनबोध क्षमताको स्थितिलाई तलका तालिकाबाट स्पष्ट पारिएको छ ।

#### ५.१.३.१ प्रतिशतका आधारमा विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थिति

तालिका नं. ११

प्रतिशतका आधारमा विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थिति

| कुल विद्यार्थी सङ्ख्या | २५ भन्दा कम | | २५ देखि ५० सम्म | | ५० देखि ७५ सम्म | | ७५ भन्दा बढी | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ८० | १ | १.२५ | १७ | २१.२५ | ५० | ६२.५ | १२ | १५ |

उपयुक्त तालिकाअनुसार समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमतालाई प्रतिशतका आधारमा गणना गर्दा नमुना छनोट गरिएको कुल ८० जना विद्यार्थी सङ्ख्यामध्ये २५ प्रतिशत भन्दा कम प्राताङ्क ल्याउने विद्यार्थी सङ्ख्या १ जना अर्थात १.२५ प्रतिशत देखिन्छ । २५ प्रतिशत भन्दा बढी र ५० भन्दा कम प्रतिशत प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ५० जना अर्थात ६२.५ प्रतिशत रहेको देखिन्छ । ७५ प्रतिशत भन्दा बढी प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या १२ जना अर्थात १५ प्रतिशत देखिन्छ ।


माथिको तालिकाको अध्ययन गर्दा ५० भन्दा बढी ७५ भन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या ५० जना अर्थात् ६२.५ प्रतिशत रहेको, २५ भन्दा बढी ५१ भन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या १७ जना अर्थात् २१.२५ प्रतिशत रहेको ७५ भन्दा बढी

प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या १२ जना अर्थात् १५ प्रतिशत रहेको र २५ प्रतिशत भन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थी सङ्ख्या १ जना अर्थात् १.२५ प्रतिशत रहेको देखिन्छ ।

यसरी यस तालिकामा ५० भन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६२ जना अर्थात् ७७.५ र ५० भन्दा कम अङ्क हुँदा यस परिणाम अनुसार समग्रमा विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता राम्रो रहेको देखिन्छ । जसलाई तलको स्तम्भ चित्रमा देखाउन सकिन्छ :

**स्तम्भ चित्र ११**

**प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको अध्ययन**




स्तम्भ चित्र नं. ११ मा समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थितिलाई देखाइएको छ । ० देखि २५ प्रतिशत अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या १ जना, २५ देखि ५० प्रतिशत ल्याउने २२ जना, ५० देखि ७५ प्रतिशत ल्याउने ६२ जना र ७५ देखि १०० प्रतिशत अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १५ जना रहेको तथ्य स्तम्भ चित्रले देखाउँछ । यस आधारमा समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

### ५.१.३.२ मध्यमान र मानक विचलनका आधारमा विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थिति

तालिका नं. : १२


मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको अध्ययन

| कुल विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ८० | ३५.१५ | ८.७४ | ६२ | ७७.५ | १८ | २२.५ |

माथिको तालिका अनुसार अदृष्टांश पठनबोध क्षमताको समग्र मध्यमान ३५.१५ र मानक विचलन ८.७४ रहेको पाइन्छ । समग्र अदृष्टांश मध्यमान ३५.१५ लाई आधार मानी हेर्दा मध्यमान भन्दा तल पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २२.५ प्रतिशत र मध्यमान भन्दा माथि पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ७७.५ प्रतिशत रहेको देखिन्छ । मध्यमान भन्दा माथिको प्रतिशत धेरै देखिनुले विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता राम्रो रहेको मान्न सकिन्छ । साथै मानक विचलन ८.७४ रहनुले भने विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमतामा एकरूपता नरहेको देखियो यसरी मध्यमानका आधारमा विद्यार्थीहरूको समग्र अदृष्टांश पठनबोध क्षमता राम्रो रहनु र मानक विचलनका आधारमा विद्यार्थीहरूको समग्र अदृष्टांश क्षमता एकरूपता नरहनुले पनि समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता भने सामान्य नै रहेको पाइन्छ । जसलाई तलको स्तम्भ चित्रमा देखाउन सकिन्छ ।

स्तम्भ चित्र नं. १२

**मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको अध्ययन**




स्तम्भ चित्र नं. १२ मा मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थितिलाई देखाइएको छ। समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको मध्यमान ३५.१५ प्रतिशत रहेको छ भने मध्यमानभन्दा माथिको अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ७७ प्रतिशत र मध्यमानभन्दा तलको अङ्क ल्याउने विद्यार्थीहरू सङ्ख्या २३ प्रतिशत रहेको तथ्य स्तम्भ चित्रले देखाउँछ । समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता सन्तोषजनक रहेको छ।

### ५.१.४ समग्र विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश पठनबोध क्षमताको तुलना

पाँचथर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश पठनबोध क्षमतालाई तपसिल अनुसारको तालिकामा तुलनात्मक रूपले देखाई विश्लेषण गरिएको छ :

तालिका नं. १३

दृष्टांश र अदृष्टांश पठनबोध क्षमताको तुलना

| कुल विद्यार्थी सङ्ख्या (८०) | ०-२५ सम्म | | २५-५० सम्म | | ५०-७५ सम्म | | ७५-१०० | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| दृष्टांश | ० | ० | २० | २५ | ३९ | ४८.७५ | २१ | २६.२५ |
| अदृष्टांश | १ | १.२५ | १७ | २१.२५ | ५० | .६२.५ | १२ | १५ |

समग्र विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश पठनबोध क्षमताको तुलना

| समग्र विद्यार्थी सङ्ख्या | दृष्टांश उद्धरण | अदृष्टांश उद्धरण |
|---|---|---|
| मध्यमान | ३१.४० | ३५.१५ |
| मानक विचलन | ९.३५ | ८.७४ |


माथि तालिकामा ८० जना विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश पठनबोध क्षमतालाई तुलनात्मक रूपले विश्लेषण गर्दा दृष्टांश पठनबोधमा २५ प्रतिशत भन्दा कम ल्याउने शुन्य प्रतिशत २५ प्रतिशत देखि ५० प्रतिशत देखि ७५ प्रतिशतसम्म ल्याउने ३९ जना र ४८.७५ प्रतिशत र ७५ प्रतिशत भन्दा माथि ल्याउने २१ जना र २६.२५ प्रतिशत रहेको देखिन्छ।

५० पूर्णाङ्कको दृष्टांश पठनबोधमा मध्यमान ३१.४० प्रतिशत र मानक विचलन ९.३५ रहेको देखिन्छ। दृष्टांश पठनबोधको तुलनामा अदृष्टांश पठनबोध २५ प्रतिशत भन्दा कम ल्याउने १ जना र १.२५ प्रतिशत, २५ प्रतिशत देखि ५० प्रतिशतसम्म ल्याउने १७ जना र २१.२५ प्रतिशत, ५० प्रतिशतदेखि ७५ प्रतिशतसम्म ल्याउने ५० जना र ६२.५ प्रतिशत र ७५ प्रतिशतभन्दा माथि ल्याउने १२ जना र १५ प्रतिशत रहेको देखिन्छ । अदृष्टांश पठनबोधमा मध्यमान ३५.१५ मानक विचलन ८.७४ रहेको देखिन्छ।

निष्कर्षमा अदृष्टांश पठनबोधको तुलनामा दृष्टांश पठनबोधको क्षमता कमजोर रहेको देखिन्छ । जसलाई तलको स्तम्भ चित्रमा देखाउन सकिन्छ :

**स्तम्भ चित्र नं. १३**

**दृष्टांश र अदृष्टांश पठनबोध क्षमताको तुलना**




स्तम्भ चित्र नं. १३ मा विद्यार्थीहरूको दृष्टांश र अदृष्टांश पठनबोध क्षमताको स्थितिलाई देखाइएको छ । ० देखि २५ प्रतिशत अङ्क ल्याउने दृष्टांश पठनबोध क्षमताका विद्यार्थीहरूको सङ्ख्या शून्य रहेको र अदृष्टांश पठनबोध क्षमता भएका विद्यार्थीहरूका सङ्ख्या १ जना, २५ देखि ५० प्रतिशत अङ्क ल्याउने दृष्टांश पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २५ जना र अदृष्टांश पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या २२ जना, ५० देखि ७५ प्रतिशत अङ्क ल्याउने दृष्टांश पठनबोध क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४९ जना र अदृष्टांश पठनबोध क्षमता भएका विद्यार्थीहरूका सङ्ख्या ६२ जना र ७५ देखि १०० प्रतिशत अङ्क ल्याउने दृष्टांश पठनबोध क्षमता भएका विद्यार्थीहरूका सङ्ख्या २६ जना र अदृष्टांश पठनबोध क्षमता भएका विद्यार्थीहरूका सङ्ख्या १५ जना रहेको तथ्य स्तम्भ चित्रले देखाउँछ । दृष्टांश र अदृष्टांश पठनबोध क्षमताका तुलनामा विद्यार्थीहरूमा दृष्टांश पठनबोध क्षमता अदृष्टांश पठनबोध क्षमताको तुलनामा कमजोर रहेको देखिन्छ ।

# अध्याय – छ

# सारांश, निष्कर्ष र उपयोगिता

## ६.१ सारांश

पाँचथर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन शीर्षकको प्रस्तुत शोधपत्र छ ओटा अध्यायमा सीमित गरिएको छ । अध्याय एकमा शोध परिचय, अध्याय दुईमा पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक रूपरेखा, अध्याय तीनमा अध्ययन विधि र प्रक्रिया, अध्याय चारमा समग्रताका आधाघरमा पठनबोध क्षमताको अध्ययन, अध्याय पाँचमा दृष्टांश र अदृष्टांश पठनबोध क्षमताको अध्ययन र अन्तिम अध्यायका रूपमा अध्याय छमा सारांश, निष्कर्ष र उपयोगिता गरी जम्मा छ अध्यायमा विभाजित गरिएको छ ।

अध्याय एकको शोध परिचय मूल शीर्षक अन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याकथन, अध्ययनको उद्देश्य अध्ययनको सान्दर्भिकता र उपादेयता, अध्ययनको सीमाङ्कन र अध्ययनको रूपरेखा समावेश गरिएको छ । त्यस्तै अध्याय दुईमा पूर्वकार्यको पुनरावलोकन अन्तर्गत प्रस्तुत अध्ययन भन्दा अघि यस शीर्षकसँग सम्बन्धित भएर गरिएका शोधपत्रहरूको पुनरावलोकन गरिएको छ भने सैद्धान्तिक अवधारणाअन्तर्गत बोधको परिचय, बोधका प्रकार, श्रुतिबोध र पठनबोध, पठनबोधको प्रयोजन, पठनबोधमा प्रभाव पार्ने तत्त्वहरू आदिजस्ता उपशीर्षकहरूलाई प्रस्तुत गरिएको छ । त्यस्तै अध्याय तीनमा अध्ययन विधि र प्रक्रिया अन्तर्गत प्रस्तुत अध्ययन सम्पन्न गर्नका लागि अपनाइएका विधि तथा कार्यकलापहरूलाई विस्तृत रूपमा उल्लेख गरिएको छ, जस अन्तर्गत पाँचथर जिल्लाका चारवटा सामुदायिक र चारवटा संस्थागत विद्यालयहरूलाई नमुना छनोटका रूपमा लिइएको छ । छनोटमा परेका विद्यालयहरूबाट विद्यालय प्रकृतिका र लैङ्गिकतालाई ख्याल गरी प्रत्येक विद्यालयबाट १०/१० जनाका दरले ४०/४० जना छात्र ४० जना छात्रा पर्ने गरी जम्मा ८० जना विद्यार्थीहरूलाई छनोट गरिएको छ । कक्षा आठमा अध्ययनरत उक्त विद्यार्थीहरूमा विद्यालय प्रकृतिका आधारमा पनि ४०/४० जना पर्ने गरी छनोट गरिएको छ । त्यस्तै अध्याय चारमा उक्त विद्यार्थीहरूले पठनबोध सम्बन्धी प्रश्नावलीबाट प्राप्त प्राप्ताङ्कका आधारमा विभिन्न समूहमा विभाजन गरी व्याख्या विश्लेषण गरिएको छ भने अध्याय पाँचमा प्रश्नावलीमा प्रयुक्त दृष्टांश र अदृष्टांश सामग्रीका आधारमा अध्ययन समेत

गरिएको छ । प्रस्तुत अध्ययनको अन्तिम अध्याय छ मा अध्ययनको सारांश, अध्ययनबाट प्राप्त निष्कर्षहरू र प्रस्तुत अध्ययनको उपयोगितालाई नीतिगत र प्रयोगगत गरी छुट्टाछुट्टै शीर्षकमा छुटयाएर प्रस्तुत गरिएको छ । यसरी प्रस्तुत अध्ययनलाई मूर्त रूप दिइएको छ ।

## ६.२ निष्कर्ष

पाँचथर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता सम्बन्धी अध्ययनबाट निम्नानुसार निष्कर्षहरू प्रस्तुत गरिएको छ :

क) समग्र विद्यार्थीहरूको पठनबोध क्षमतालाई प्रतिशतका आधारमा गणना गर्दा ८७ प्रतिशत विद्यार्थीहरूको पठनबोध क्षमता ५० प्रतिशत भन्दा बढी देखिएकाले विद्यार्थीहरूको समग्र पठनबोध क्षमता राम्रो रहेको देखिन्छ ।

ख) समग्र विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमताको स्थितिलाई प्रतिशतका आधारमा गणना गर्दा ५० प्रतिशतभन्दा माथि पठनबोध क्षमता भएका विद्यार्थीहरूको प्रतिशत अधिक रहेकाले विद्यार्थीहरूको दृष्टांश पठनबोध क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

ग) समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमताको स्थितिलाई प्रतिशतका आधारमा गणना गर्दा ५० प्रतिशत भन्दा माथि पठनबोध क्षमता भएका विद्यार्थीहरूको प्रतिशत बढी रहेकाले समग्र विद्यार्थीहरूको अदृष्टांश पठनबोध क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

घ) ५० प्रतिशत भन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या अदृष्टांशमा १७ जना रहेको र दृष्टांशमा २० जना रहेकाले दृष्टांश भन्दा अदृष्टांश पठनबोध क्षमता राम्रो रहेको पाइन्छ ।

ङ) ५० भन्दा माथिको अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या दृष्टांश पठनबोध क्षमताको तुलनामा अदृष्टांश पठनबोध क्षमता राम्रो रहेको पाइन्छ ।

च) लैङ्गिकताका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन विश्लेषण गर्दा ५० प्रतिशत भन्दा माथि अङ्क ल्याउने छात्रहरूको सङ्ख्या ३५ रहेकाले छात्रहरूको पठनबोध क्षमता राम्रो रहेको देखिन्छ ।

छ) लैङ्गिकताका आधारमा विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन विश्लेषण गर्दा ५० प्रतिशत भन्दा बढी अङ्क ल्याउने छात्राहरूको सङ्ख्या ३३ रहेकोले छात्राहरूको पठनबोध क्षमता राम्रो रहेको पाइनछ ।

च) छात्र र छात्रा विद्यार्थीहरूको पठनबोध क्षमताको तुलनात्मक रूपमा विश्लेषण गर्दा छात्रतर्फ ३५ र छात्रातर्फ ३३ जना विद्यार्थीहरूको सङ्ख्या रहेकाले छात्राहरूको तुलनामा छात्र विद्यार्थीहरूको पठनबोध क्षमता बढी सन्तोषजनक रहेको पाइन्छ ।

छ) सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन गर्दा ५० भन्दा माथिको अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ३३ जना रहेकाले सामुदायिक विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता रहेको देखिन्छ ।

ज) संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन गर्दा ५० प्रतिशत भन्दा माथिको अङ्क ल्याउने विद्यार्थीहरको सङ्ख्या ३५ जना रहेकाले संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता राम्रो देखिन्छ ।

## ६.३ उपयोगिता

कुनै पनि अध्ययन अनुसन्धानको आफ्नै किसिमको महत्त्व र उपयोगिता रहेको हुन्छ । त्यसैले प्रस्तुत अध्ययन स्थानीय परिवेशबाट राष्ट्रिय स्तरसम्म महत्त्वपूर्ण हुन सक्छ । तसर्थ पाँचथर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन उपयोगितालाई नीतिगत र प्रयोगगत गरी छुट्टाछुट्टै उल्लेख गर्न उपयुक्त हुन्छ ।

### ६.३.१ नीतिगत उपयोगिता

प्रस्तुत शोधपत्र पाँचथर जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन रहेको छ । यस अध्ययनको मुख्य उद्देश्य कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको पहिचान गर्नु उक्त विद्यार्थीहरूको लैङ्गिकता विद्यालयको प्रकृतिका आधारमा पठनबोध क्षमता पहिचान गर्नु, उक्त कक्षामा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता के कस्तो छ र समस्या हटाई क्षमता अभिवृद्धिका लागि सुझाव दिनु रहेका छन् ।

### ६.३.२ प्रयोगगत तह

यस शोधपत्रको अध्ययन कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमता के कस्तो छ ? भन्ने कुरा थाहा पाउनका लागि प्रयोगमा ल्याइएको पाइन्छ । पठनबोध क्षमताको स्थिति के कस्तो छ भनी थाहा पाउनका लागि यस पठनबोधको अध्ययन महत्त्वपूर्ण मानिन्छ । त्यसैले जुनसुकै तहका विद्यार्थीहरूको लागि पठनबोध हुनु जरुरी छ । पठनबोधबाट गर्न दृष्टांश सामग्रीहरूको बोध गर्न सकिन्छ । ज्ञानको भण्डार वृद्धि गर्न सकिन्छ । विशेषतः यस पठनबोधको उपयोगिता प्रयोग तहमा निम्न बुदाँमा प्रस्तुत गर्न सकिन्छ :

क) विभिन्न पाठ्यपुस्तक वा पाठ्यसामग्रीबाट ज्ञान आर्जन गर्नु,

ख) पढ्ने बानीको विकास गराउनु,

ग) पठनबोध क्षमताको अध्ययनबाट विभिन्न तहका विद्यार्थीहरूको पठनबोध क्षमताको पहिचान गर्नु,

घ) पठनबोध क्षमताको अध्ययनबाट पठनबोध क्षमता कमजोर भएका विद्यार्थीहरू के-के कारणले कमजोर भए ? पठनबोध क्षमता अभिवृद्धिका लागि के के उपायहरू अपनाउनुपर्दछ भन्ने कुरा पत्ता लगाउन सहयोग गर्नु,

ङ) पठनबोध क्षमता विकासको लागि विद्यार्थीहरूलाई अदृष्टांश सामग्रीहरू पनि पढ्ने प्रेरणा जाग्नु

च) आवश्यक वातावरण सिर्जना गर्न अभिभावकलाई पनि आफ्ना सन्तानको वास्तविकता बोध तथा क्षमताको ज्ञान हासिल गर्ने ।

# सन्दर्भसामग्री सूची


अधिकारी, कुमार (२०७१), 'काठमाडौँ जिल्लाका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

अधिकारी, दिव्यकला (२०६४), 'कक्षा छ पूरा गरेका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

अधिकारी, हेमाङ्गराज (२०६३), *भाषा शिक्षण, केही परिप्रेक्ष्य तथा पद्धति,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

कुँवर, विश्वनाथ (२०६९), 'अछाम जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

खड्का, हेमन्त (२०६४), 'मा.वि. तहमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.कीर्तिपुर ।

खनाल, शान्ति (२०६२), 'काठमाडौँ उपत्यकामा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

गौतम, देवीप्रसाद, पारसमणि भण्डारी र रामनाथ ओझा (२०७०), *स्नातक नेपाली,* काठमाडौँ: विद्यार्थी पुस्तक भण्डार ।

ज्ञवाली, कृष्णप्रसाद (२०६३), 'कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

ढकाल, बुद्धराज (२०६६), 'कक्षा तिनका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

दाहाल, कल्पना (२०६७), 'झापा जिल्लाका उच्च माध्यमिक तहमा अध्ययनरत कक्षा बाह्रका विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर

पन्त, ध्रुवप्रसाद (२०६०), 'रसुवा जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

भुसाल, माधव (२०६७), 'कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिप्र ।

लम्साल, रामचन्द्र (२०६६), *नेपाली भाषा शिक्षण,* काठमाडौँः भुँडीपुराण प्रकाशन ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, मेनका (२०७०), 'इलाम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको पठनबोध क्षमताको अध्ययन', शिक्षा स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

# परिशिष्ट क

## तथ्याङ्क सङ्कलनका लागि छनोट गरिएका विद्यालय

सामुदायिक विद्यालय

- श्री भगती माध्यमिक विद्यालय मिक्लाजुङ् - ८ दुर्दिम्बा पाँचथर
- श्री शक्तिका आधारभूत विद्यालय मिक्लाजुङ- ८ टोखा, पाँचथर
- श्री सिंहदेवी आधारभूत विद्यालय मिक्लाजुङ गा.पा. ८ हंसारी पाँचथर
- श्री जनज्योति आधारभूत विद्यालय मिक्लाजुङ- छ कन्याटार, पाँचथर

संस्थागत विद्यालय

- श्री जनज्योति आवासीय अङ्ग्रेजी माध्यमिक विद्यालय मिक्लाजुङ - ५ पाँचथर
- श्री नवज्योति बोडिङ् स्कुल मिक्लाजुङ्- ४ रबि पाँचथर
- श्री होली चाईल्ड सेकेन्डरी इङ्गिस स्कुल मिक्लाजुङ- ४ रवि
- श्री माउण्ट कञ्चन भ्याली माध्यमिक अङ्ग्रेजी विद्यालय मिक्लाजुङ - ४ रबि,

## परिशिष्ट (ख)

## छनोटमा परेका विद्यार्थीहरूको नामावली र प्राप्ताङ्क

| क.स. | विद्यार्थीको नाम | प्राप्ताङ्क |
|---|---|---|
| १. | शेर बहादुर लिम्बु | ४६ |
| २. | अनिल तामाङ | ४५ |
| ३. | मिनराज राई | ३६ |
| ४. | दिक्षा राई | ३० |
| ५. | ममता तामाङ | ३८ |
| ६. | सञ्जिता राई | ४५ |
| ७. | सुस्मिता राई | ३८ |
| ८. | मिना तामाङ | ३९ |
| ९. | समिर वाजी | ४६ |
| १०. | विवश थक्सु | ३८ |
| ११. | रियासा लावती | ४२ |
| १२. | विष्णु लिम्बु | ४३ |
| १३. | दिपेन लावती | ४६ |
| १४. | एलिना राई | ४४ |
| १५. | सोविता लावती | ४२ |
| १६. | रोशन लिम्बु | ४४ |
| १७. | सुमित्रा लावती | ४४ |
| १८. | रोहन तामाङ | ४४ |
| १९. | राकेश तामाङ | ४६ |
| २०. | समिक्षा लावती | ४६ |
| २१. | सुनिल तामाङ | ४३ |

| | | |
|---|---|---|
| २२. | चाँदनी कार्की | ४४ |
| २३. | शर्मेस तामाङ | ४५ |
| २४. | अनिता सुसाहाङ्ग | ४० |
| २५. | ममिला पयाङ्गु | ४५ |
| २६. | दिवना लिम्बु | ४१ |
| २७. | समिक्षा नेपाली | ४५ |
| २८. | अर्जुन मुसाहाङ्ग | ४४ |
| २९. | सनम गौतम | ४० |
| ३०. | पासाङ तामाङ | ४४ |
| ३१. | घनिन्द्र लिम्बु | ४३ |
| ३२. | सुरेश मगर | ४० |
| ३३. | पुशपती नेपाली | ४० |
| ३४. | विशेस्ता फागो | ४२ |
| ३५. | सुशीला मगर | ३५ |
| ३६. | बन्दना लिम्बु | ४५ |
| ३७. | सुरेश लिम्बु | ४४ |
| ३८. | विनिता याक्खा | ४३ |
| ३९. | विपन मगर | ४० |
| ४०. | सुनिता लिम्बु | ४६ |
| ४१. | जिम्बो लावती | ४१ |
| ४२. | अनिता थेगिम | ४ |
| ४३. | वचन राई | ४१ |
| ४४. | लाजेहाङ लावती | ३८ |
| ४५. | एडिना लावती | ४० |

| | | |
|---|---|---|
| ४६. | करिना माखिम | ४० |
| ४७. | रिया राई | ४२ |
| ४८. | विनु लिम्बु | ४६ |
| ४९. | नवीन राई | ४० |
| ५०. | आइन्द्र लावती | ४३ |
| ५१. | दिक्षा राई | ४३ |
| ५२. | समिस राई | ४२ |
| ५३. | विकास पिठाकोटे मगर | ४२ |
| ५४. | प्रशान्त राई | ४३ |
| ५५. | रसिका मगर | ३३ |
| ५६. | प्रमिसा राई | ४१ |
| ५७. | किरण लिम्बु | ४० |
| ५८. | आयुस मगर | ३६ |
| ५९. | विवेक राना (मगर) | ४१ |
| ६०. | मिलन थापा (मगर) | ३७ |
| ६१. | समिर घिमिरे | ४१ |
| ६२. | प्रकृति खनाल | ४२ |
| ६३. | सोनिया घिमिरे | ४२ |
| ६४. | अविशेक तुम्बाम्फे | ४३ |
| ६५. | विवश सारु मगर | ४२ |
| ६६. | कन्चन मुखिया | ४२ |
| ६७. | टार्जन राई | ४५ |
| ६८. | आयुस राई | ४३ |
| ६९. | प्रवृत्ति अर्याल | ४५ |

| | | |
|---|---|---|
| ७०. | रचना थापा मगर | ४७ |
| ७१. | भावना सारु मगर | ४६ |
| ७२. | स्नेहा राई | ४५ |
| ७३. | एलिसा राई | ४५ |
| ७४. | मेरिना राई | ४३ |
| ७५. | सस्तिका थापा मगर | ४५ |
| ७६. | स्नेहा मगर | ४६ |
| ७७. | उज्वल राज मगर | ४४ |
| ७८. | भुषन मगर | ४३ |
| ७९. | एनिस राई | ४५ |
| ८०. | आरती राई | ४५ |

# व्यक्तिवृत्त

नाम : मन कुमारी तामाङ

जन्ममिति : २०४९/०२/१४

ठेगाना : मेक्लाजुङ गाउँपालिका-८, दुर्दिम्वा, पाँचथर

बुवाको नाम : डिठ्ठा मोक्तान (तामाङ)

आमाको नाम : सीतामाया तामाङ

नागरिक : नेपाली

लिङ्ग : महिला

तह : स्नातकोत्तर तह (एम.एड.)

सम्पर्क नं. : ९८२३२७८८४६

**शैक्षिक योग्यता**

| तह | शिक्षण संस्था | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|
| प्रवेशिका परीक्षा (एस.एल.सी.) | श्री भगवती माध्यमिक विद्यालय, पाँचथर | २०६४ | द्वितीय |
| प्रवीणता प्रमाणपत्र तह (१०+२) | श्री शारदा उच्च माध्यमिक विद्यालय, धनकुटा | २०६७ | द्वितीय |
| स्नातक तह (बी.एड.) | धनकुटा बहुमुखी क्याम्पस, धनकुटा | २०७० | द्वितीय |
| स्नातकोत्तर तह (एम.एड.) | विश्वविद्यालय क्याम्पस, त्रि.वि., कीर्तिपुर, काठमाडौँ | २०७५ | |